# प्रदेश सभा
## गण्डकी प्रदेश
## दोश्रो अधिवेशन
## (पच्चिसौं बैठक)

## कारवाहीको सम्पूर्ण विवरण
## मिति २०७५/०३/२१ गते दिनको २:०० बजे

प्रदेश सभा, गण्डकी प्रदेशको दोस्रो अधिवेशनको आजको बैठकको कारवाही माननीय उपसभामुख श्री श्रृजना शर्माज्यूको अध्यक्षतामा दिनको २ बजेर ५४ मिनेटमा प्रारम्भ भयो ।

### माननीय सभामुख

माननीय सदस्यहरु आजको वैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

सर्वप्रथम, म माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री हरि बहादुर चुमानलाई विपदका सम्बन्धमा सभामा उठेका प्रश्नको जवाफ दिन अनुमति दिन्छु ।

### माननीय हरि बहादुर चुमान

सभामुख महोदय, २०७५ साल आषाढ ११ गते बाग्लुङ्गको बरेङ्ग गाउंपालिका वाड नं.१ मा पहिरोमा पुरिएर एकै परिवारका तीन जनाको निधन भएको भनी माननीय प्रदेश सदस्यहरुबाट उठाईएको विषय सम्वन्धमा वरेङ्ग गाउंपालिका वार्ड नं.१ लुरुङ्ग भन्ने स्थानमा रहको चुधारो जंगलबाट पहिरो आई घर पुरिंदा बर्ष ४० को विष्णु बहादुर क्षेत्री  नीजकी श्रीमती वर्ष ३७ की विष्णु क्षेत्री र ६ महिनको छोरी सोनिया क्षेत्रीको निधन भएको जानकारी प्राप्त भएको छ । निजहरु पहिरोमा पुरिएको जानकारी प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय वरेङ डांडाबाट प्रहरी टोली खटाईएको र स्थानिय समेतको सहयोगमा राती ८:३० बजे मृतकहरुको शव निकालिएको थियो । उक्त स्थानमा अन्य गोठहरु भत्किई केही चापायाहरु समेतको मृत्यु भएको जिल्ला प्रशासन कार्यालय बाग्लुङ्ग जिल्लाबाट प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा नेपाली सेना,

नेपाल प्रहरी लगायतको चिकित्सक सहितको टोली घटना स्थलमा पुगी पोष्टमार्टम गराई शवलाई आफन्तको जिम्मा लगाई सकिएको र घटनामा निधन भएकाहरुका आफन्तलाई जिल्ला प्रशासन कार्यालयबाट राहत स्वरुप प्रति मृतक १ लाखका दरले रु ३ लाख प्रदान गरिएको व्यहोरा गरिमामय सभा समक्ष अनुरोध गर्दछु ।

यसैगरी बाग्लुङ्ग जिल्लाकै जैमिनी नगरपालिका वाड नं.६ मा चटयाङ्ग परी १ जनाको मृत्यु भएको भन्ने सम्बन्धमा माननीय प्रदेश सभा सदस्यज्यूहरुबाट गम्भिरतापूर्वक चासो व्यक्त भएकोमा सर्वप्रथम आन्तरिक मामिला तथा कानून मन्त्रालयको ध्यान आकर्षण भएको व्यहोरा अनुरोध गर्दछु । सो सम्वन्धमा सत्य तथ्य बुझ्दा २०७५ साल असार १० गने राती ९ वजे वाग्लुङ्ग जिल्ला जैमिनि नगरपालिका वाड नं.६ खाल्टा यो अलि मिलेन होला खाल्टामा भान्ने भएछ खाल्टे होकी घरमाथी चटयाङ्ग पर्दा बर्ष ६० को किमे नेपालीको घटनास्थलमै मृत्यु भएको र नीजकी श्रीमती ४५ वर्षकी चन्द्रकला नेपाली र छोरा ५ वर्षका सुनाम नेपाली घाईते भएको व्यहोरा जानकारीमा भएको व्यहोरा जानकारीमा आएको छ। घाईते चन्द्रकला नेपाली गर्भवती समेत रहेको बुझिएको छ । घाईते दुवै जनालाई स्थानिय प्रहरी चौकीबाट खटिएको प्रहरीले घटना स्थलमानै प्राथमिक उपचार सााथै मिसन अस्पताल पाल्पामा थप उपचार गराई घर फर्किसकेको र निजको वडा कार्यालयसंग समन्वय गरी जिल्ला प्रशासन कार्यालय मार्फत राहत वितरणको प्रकृया अघि बढिसकेको व्यहोरा अनुरोध गर्दछु ।

वाग्लुङ्ग जिल्लाको गल्कोट नगरपालिका वाड नं.१० मा रहेको रिगा खानेपानी आयोजनामा बाढीका कारण क्षति पुगेको भन्ने सम्वन्धमा माननीय प्रदेश सभा सदस्यहरुबाट चासो व्यक्त भएकोमा ध्यानाकर्षण भएको छ । सो सम्वन्धमा सत्य तथ्य बुझ्दा २०७५ साल असार ११ गते राती परेको अविरल वर्षाका कारण आएको बाढीले गल्कोट नगरपालिका वार्ड नं.१० मा रहेको रिगा खानेपानी आयोजनाको मुहान खण्डको पाण्डव खानीमा क्षति पुग्नको साथै जव्दी खोला र मखन खोलाको भागमा रहेको १०० मीटर जि.आई. पाईप र १०० मीटर प्लाष्टिक पाईप बगाएको साथै पाइप अड्याउन बनाईएका ९ वटा पिलर समेत ढल्दा खानेपानी आपूर्ति बन्द भएको जानकारीमा आएको छ । अवरुद्ध बनेको खानेपानी सेवा सुचारु गर्नका लागी जिल्ला प्रशासन कार्यालय वाग्लुङ्गको पहलमा डिभिजन सडक कार्यालयबाट ईन्जिनियर टोली खटाईएको र सो टोलीले नगरपालिकाको ईन्जिनियरसंगको सहकार्यमा क्षतीको मूल्यांकन गरी पैतिस लाख रुपैयां बराबरको लगत इस्टिमेट तयार गरेको छ साथै स्थानिय प्रतिनिधि र प्राविधिक कर्मचारीहरुको सक्रियतामा स्थायी रुपमा खानेपानी सुचारु गर्नका लागी काम शुरु भै सकेको व्यहोरा गरिमामय सभालाई जानकारी गराउन चाहन्छु । मिति २०७५ साल असार १३ गते सांझ ६:३० वजेको समयमा तनहुं

जिल्ला म्याग्दे गाउंपालिका वडा नं.५ स्थित सेती नदीमा माछा मार्ने क्रममा नदीले वगाई २०७५ साल आषाढ १८ गते सांझ ५ बजेको समयमा तनहुं जिल्ला भिमदत्त नगरपालिका वार्ड नं.८ सिम्ले वस्ने ओखलढुङ्गा ओखल ढुंङ्गा माने भन्जयाङ्ग घर भै हाल सोही गाउंपालिका छाङ्ग पाटनमा डेरा गरी बस्ने गुन्ज बहादुर राईको छोरा वर्ष २५ को जनक राई वेपत्ता भएको खवर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालयबाट प्रहरी नायव निरिक्षक ज्ञानेन्द्र बहादुर क्षेत्रीको कमाण्डमा ५ जनाको टोली खटिई खोजतलास भैरहेको र हालसम्म शव फेला नपरेको बुझिन आएको छ । यस्तै २०७५ असार १९ गते तनहुं जिल्ला व्यास नगरपालिका वार्ड नं६ सेखाटारमा घरबाटै स्कूल जाने क्रममा रुख ढल्दा स्थानिय कालिका एकेडमिमा पढने वर्ष ८ की विनिषा थापाको निधन भएको छ । सोही घटनामा वर्ष १० की सोनिषा थापा र वर्ष १२ की अस्मिता  थापा घाईते भएका छन । उनीहरु तीनै जना एकाघरका दिदी वहिनी  भएको जानकारी गराउंदछु । मृतक विनिषा थापाको रत्नहरी अस्पताल दमौलीमा उपचारका क्रममा निधन भएको हो । घटनामा घाईते भएका २ जनालाई उपचारका लागी मणिपाल अस्पताल पोखरा ल्याईएको जानकारी प्राप्त भएको व्यहोरा गरिमामय संसद समक्ष जानकारी गराउन चाहन्छु । त्यस्तै २०७५ असार १८ गते दिउंसो १:३० वजे शुक्लागण्डकी ११ सांखे गोल्मेका निल बहादुर गुरुङ्गलाई क्याङ्गदी खोलाले बगाएको छ । बगाएको आधा घण्टापछि मृत अवस्थामा फेला परेको पनि जानकारी गराउंदछु । त्यस्तैनै यो आउदा आउँदै प्राप्त भएको खवर अनुसार स्याङ्गजा जिल्ला बिरुवा गाउंपालिका वार्ड नं.८ कुसिन्डे निवासी रुद्र बहादुर थापाकी छोरी वर्ष १६ की अनु थापाको खोलाले बगाई :मृत्यु भएको यो चाही असार १० गते मृत्यु भएको जानकारी प्राप्त भएको छ । मैले आउंदा आउंदै यो बाटोमै टिपेको समाचार भएकोले मलाई पूर्ण विवरण यहां उपलव्ध गराउन सकिन अन्तमा यस असार महिनामा परेको भारी वर्षाका कारण र अव चट्याङ्ग समेतले समेतका कारण मृत्यु भएका सवै प्रति सरकारका तर्फबाट हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । उहांहरुको आफन्त जन प्रति समवेदना व्यक्त गर्दछु । घाईतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । बाग्लुङ्ग, गोर्खा, स्याङ्गजाहरु लगायतका जिल्लाबाट कैयौं घरहरु क्षति भै घर परिवारहरु विस्थापित भएको पशुधन क्षति भएका खबरहरु प्राप्त भै रहेका छन । सम्वन्धित जिल्लाका जिल्ला अधिकारी मार्फत तत्काल उद्धार र राहतको काम भैरहेको जानकारी पनि यस सभा समक्ष गराउंदछु । धन्यवाद ।

## माननीय सभामुख

अव माननीय श्री विन्दु कुमार थापाले मिति २०७५ साल जेठ २१ गते सभा समक्ष प्रस्तुत गर्नु भएको र मिति २०७५ साल असार १० गते टेबुल गर्नु भएको प्रदेश

राजधानी तथा नामाकरण विषयक समितिको प्रतिवेदन माथि प्रदेशको नामाकरण सम्वन्धमा छलफल प्रारम्भ हुन्छ ।
माननीय श्री मायानाथ अधिकारीलाई प्रदेश राजधानी तथा नामाकरण विषयक समितिको प्रतिवेदनमा उल्लखित प्रदेशको नामाकरण सम्वन्धमा सभामा छलफल गरियोस भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

## माननीय मायानाथ अधिकारी

माननीय सभामुख महोदय, सम्मानित सभामा मिति २०७५ साल जेठ २१ गते सभा समक्ष प्रस्तुत भै मिति २०७५ साल असार १० गते टेबुल गरिएको प्रदेश राजधान तथा नामांकन विषयेक समितिको प्रतिवेदन माथि प्रदेश नामांकन सम्वन्धमा छलफल गरियोस भनी प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद ।
सभामुख
माननीय सदस्यहरु अव म प्रदेश राजधानी तथा नामाकरण विषयेक समितिको प्रतिवेदनमा उल्लेखित प्रदेशको नामाकरण सम्वन्धमा सभामा छलफल गरियोस भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीयहरुले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नुहोस ।
**(हुन्छ भन्ने आवाज आयो)**

यसको विपक्षमा हुने माननीय सदस्यले हुन्न भन्नुहोस ।
**(हुन्न भन्ने आवाज आएन)**

हुन्न भन्ने आवाज सुनियन तसर्थ प्रदेश राजधानी तथा नामाकरण विषयक समितिको प्रतिवेदन सम्वन्धमा छलफल गरियोस भन्ने प्रस्ताव सर्व सम्मत स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अव प्रदेश राजधानी तथा नामाकरण विषयक समितिको प्रतिवेदनमा उल्लेखित प्रदेशको नामाकरण सम्वन्धमा छलफल प्रारम्भ हुन्छ ।
उक्त छलफलमा बोल्न चाहनु हुने माननीय सदस्यहरुले आ–आफ्नो नाम सजिलोको लागी सभामुखको ड्याससंगै बसेका सहयोगी कर्मचारीहरुलाई उपलव्ध गराई दिनु हुन अनुरोध गर्दछु । उक्त छलफलमा बोल्न चाहनु हुने माननीय सदस्यहरुको लागी १०

मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र माननीय सदस्यले आफ्नो भनाई राखी सक्नु पर्ने छ । सर्व प्रथम माननीय श्री हरिशरण आचार्यलाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय हरिशरण आचार्य

माननीय सभामुखज्यू, हामी नेपालको संविधान अनुसार संघियताको एउटा नयां मोडालिटिमा प्रवेश गरेका छौं । पहिलो कुरा संघियता अनि यो मुलुकको भविष्य एक आपसमा अन्तर सम्वन्धित छ । म सवभन्दा अगाडी यो मुलुकको भविष्य यो मुलुकमा संघियता कति समय टिक्छ । यो मुलुकमा संघियतालाई कसरी व्यवस्थित गर्न सकिन्छ । यो मुलुकमा अधिकारलाई कसरी प्रत्यायोजित गर्न सकिन्छ यो प्रश्न यस्लाई मामत्रै यो मुलुकको भविष्य निश्चित गर्ने कुरा आगामी दिनमा देखा पर्ने छ । त्यसैले आज हामी प्रदेशको नामाकरणको सम्वन्धमा गैराखेका छौं । हाम्रो ४ नं. प्रदेश हामी के भन्दै छौं हाम्रो ४ नं. प्रदेशभित्र ठिक यो अस्तित्व र अधिकारको पहिचानको विषय वस्तुहरु छन । आज संविधानले उल्लेख गरेको विषयवस्तु संविधानमा भएको विषय बस्तु जो हामी सामर्थको आधारमा, पहिचानको आधारमा, भूगोलको आधारमा,उसको अधिकारको आधारमा हामी हरेक विषय वस्तुहरुलाई विशेष गरी नाममा उस्ले केन्द्रित गर्ने उसको पहिचान दिने हिसावले हामीले छलफल गरिराखेका छौं । आज हामी यो प्रदेशलाई यो प्रदेशमा हेर्दाखेरी विशेष गरी मलाई लाग्छ बराम, बाह्र गाउंले, भुजेल, मार्फा थकाली, लार्के लोपासिया थारु, गुरुङ्ग, मगर लगायत हामी धेरै जाती बसोवास भएको अनि संगै आर्यखस लगायतको एउटा बसोबास भएको भुगोगको । तर यो भुगोल थातथलोको हिसावले विशेष गरी ४ नं.प्रदेशको थातथलोको हिसावले हेर्ने हो भने कोलाशोथरको एउटा आधार बनाएर तमुहरुको एउटा उदगम थलो मलाई लाग्छ आज यसो हेर्दा खेरी प्यालेस्टाइन र यहुदीहरको वीचमा कति धेरै ठूलो संघर्ष भैराखेको छ । प्यालेष्टिनी भुमी जहां यहुदीहरुले शासन गरिराखेका छन । यो भुमि जो नेपाल आदीवासी जनजातीहरुको आदीम थलो हो तर आज कसले शासन गरिराखेको छ । हिजोका दिनमा कसले शासन गर्‍यो अनि आज कसले शासन गरिराखेको छ ? यी विषयवस्तु मूल प्रश्नका विषयवस्तुहरु हुन आज हामी नामाकरणका विषयमा यो कुरालाई गम्भिरतापूर्वक हामीले लिएनौं भने सायद यो संघियताको अर्थ छैन । यो संघियता सांच्चै हामी कति दिन टिकाउन सक्छों नामाकरणको सन्दर्भमा विषयवस्तु अव यदी हामीले हाम्रो अधिकार हाम्रो पहिचान, हाम्रे विषयवस्तु हामीले दिन सकेनौं भने त्यो नामाकरणको नामाकरण सांच्चै भन्नु हुन्छ भने पनि मलाई लाग्छ संघियत ५ देखि ७ वर्ष कसैले खारेज गरौं भनेर पनि हुन्छ

भन्ने वेलामा सायद मुलुक जाने स्थितिमा छ । हामी त्यही चाहेका छौं । आज सवै जनजातीहरुले सवै उत्पिडित समुदायले आज अधिकार माग्दाखेरी अधिकार दिन चाहेनैं भने आज पेलिस्टाईन पेलिस्टाइन र यहुदीको वीचमा के भैराखेको छ । हामी यो सवै घटनात्रम हेर्न जरुरी छ । आज मलाई लाग्छ होला कसैले याचाहीं के द्वन्द हामीले चाहेर निम्तने कुरा हो हिजो के जनयुद्ध कसैले चाहेर भएको हो ? यो संघियता माग गर्नेहरुको आन्दोलन के चाहेर भएको कुरा हरु यो त वाध्यता र परिस्थितिले सिर्जना गर्ने कुरा हो । आज हामी छातीमा हात राखेर भन्नु पर्छ हामीले अधिकार दिन चाहन्छौं हिजोको केन्द्रिय मतलव केन्द्रिकृत शासन व्यवस्था ठिकै थियो नी । हाज हामीले चाहिं कि अधिकार एक ठाउंमा केन्द्रित गर्न चाहन्छु । संघर्ष गर्नुपर्‍यो किन यतिका धेरै वलिदान भन्ने कुरा आज खोलामा मिल्काएर फालिदिने हो भने हामीलाई प्रदेश सभा किन चाहियो ? आज यो हामी सवै चिज किन चाहियो ? तर मुल प्रश्न अधिकारको हो । अधिकारका निमित्त यो प्रदेश सभा हो । अधिकारका निमित्त संघियता हो । अधिकारका निमित्त हामी संद्घर्ष गरेर आएका हौं । आज त्यो अधिकारलाई स्थापित गर्ने मुल मान्यता अनुरुप आज हामीले यो प्रदेशमा भएका मूल जातीहरु यहां कसैले भ्रम फिंजाई राखेको अनुभुत गरिराखेको छु । हामीले चाहेका छौं यो प्रदेशको नामाकरणको हिसावले पहिचानका हिसावले साझा पहिचानका हिसावले यो प्रदेशको नामाकरण १ नं. मा मलाई लाग्छ हाम्रो पार्टीको धारणा के हो भने पहिचानलाई स्थापित गरिनु पर्छ । पहिचानको आधारमा यो प्रदेशको नामाकरण हुनुपर्छ । पहिलो विषयवस्तु म राख्न चाहन्छु । दोश्रो विषय वस्तु भनेको यो प्रदेशको थातथलोको हिसावले पहिलो तमुवान नै हो । तेश्रो म अहिले पछि फेरी अलि सिमांकनको हिसावले यसलाई तालमेल गरेर जुन ढंगले गलत ढंगले सिमांकन गरियो त्यो सिमांकन गलत ढंगले गर्दा खेरी मगर र तमुवानको विचको एउटा सामान्जस्यता मिलाउनु पर्ने एउटा आवश्यकता थियो । तर त्यो विषय वस्तुलाई फेरी अहिले अर्को ढंगले तोडमोड गर्न खोजियो र त्यसलाई वास्तवमा तमुवान र मगरात यदि पहिचानलाई आत्मसात गर्ने मतलव चाही यदी सही ढंगले लिएर जाने हो भने तमुवान मगरात अनिवार्य छ । यदि होइन् भने त्यसलाई छलफलका हिसावले बहु पहिचान अथवा पहिचान, पहिचान मात्रै होइन खस आर्य र मतलव अरु सवै हिसावले जाने हो भने त्यसलाई अलि फरक ढंगले जाने कुरामा पनि हामीले विषयवस्तु राखेका छौं । त्यो भनेको गण्डकी तमुवान विषय वस्तु राखेका छौं । तर मूल प्रश्न भनेको तमुवान मगरात नै हो । हामीले स्पष्ट रुपमा भनेका छौं जसले पहिचानको विषयलाई लिएर संघर्ष गरेर आयो र लडेर आयो, वलिदान गरेर आयो त्यो शक्ति पहिचान विरोधी हुने अनि त्यसपछाडी अहिले मगरको विषयमा यस्तो गर्‍यो भनेर भन्ने यो सवभन्दा षडयन्त्र भनेको सांच्चै भन्नु हुन्छ भने छातीमा हात राखेर भन्नु पर्छ अव मुलुकमा

पहिचानवादीहरुको एउटा धरातल छ । त्यसले एउटा विजय हासिल गर्छ कुनै पनि दिन विजय हासिल गर्छ । त्यसले एउटा संघर्ष गर्छ त्यसको निमित्त उन्त्पिडितहरुको पक्षमा लडने हामी हुन्छौं । यो निश्चित छ । हामी पिडितहरुको पक्षमा लड्छौं ।

तर आज उत्पिडितहरुको पक्षमा लडदाखेरी आज एउटै घरको सदस्य बाउको गला काटने नबनोस् । एउटै घरको सदस्य बाउको गला काटने जतिवेला हुन्छ त्यतिवेला यो संघियताको अर्थ छैन । किन चाहियो संघियता ? यदी सही ढंगले संघियताको मर्म बुझ्ने हो भने बाउको रक्षा गर्ने, ईतिहासको रक्षा गर्ने, उत्पिडितको रक्षा गर्ने, उत्पिडितहरुलाई अधिकार सम्पन्न बनाउने संघियता चाहिएको हामीलाई त्यसैले म भन्न चाहन्छु आज हामी छातीमा जे छ त्यो कुरा उल्लेख गर्न किन गाह्रो भा छ । मलाई थाहा छ बहस धेरै पाटीमा भै राखेका छन । धेरै विचमा भै राखेका छन । मैले राखेको छु त्यसमा पहिचानलाई स्थापित गर्नका निमित्त पहिचानका आधारमा नामाकरण गरियोस  भनेर मैले स्पष्ट रुपमा राखेको छु । त्यो विषय वस्तुमा छलफल गरियोस म आग्रह गर्न चाहन्छु र सांच्चै हिजो एउटा वेला ग्यालिलियले गल्ती गरेका कारणले आज यो सूर्यले सूर्य र पृथ्वी अन्तर विरोध हल भएको छ । राइट ब्रदर्शले गल्ती गरेकै कारणले आज वर्षौं लाग्ने दुरी घण्टामा बदलीएको छ । मार्कसले गल्ती गरेकै कारण आज संसारमा मानव र मानवको वीचमा द्वन्द छ र द्वन्द वीच  द्वन्द चलिरहन्छ भन्ने कुरा चाही पुष्टी हुन्छ । आज न्यूटनले मतलव गंगालाल श्रेष्ठहरुले कमजोरी गरेकै
कारण यस आधारमा नेपालमा परिवर्तनको जग बसेको छ । के आज हामी यी परिवर्तनका सवै कुराहरुलाई अस्विकार गरौं । यदि अस्विकार गर्ने नै हो भने ४६ सालको जनआन्दोलन जन आन्दोलनलाई चाहीं पंचायती व्यवस्थाले गलत भन्थ्योनी । यो गल्ती गरेरै त प्रजातन्त्र आयो । माओवादी विद्रोह जसले पहिचानका निमित्त लडेर आज त्यो गल्ती भएरै त संघियता आयो । अनि आज त्यहि संघियतालाई चाहीं गलत अर्थमा बुझेर आज हामी त्यसको  विरुद्धमा लागेर निर्णय गरौं त ? भावी पूस्ताले हाम्लाई के भन्ने छ ? भावी पुस्ताले हामीलाई के भनेको आज संघियताकै कुरा निर्णय गर्न नसकेर केन्द्रीय संसदबाट आज प्रदेश सभामा पन्छाईयो ।  टाउको हलुङ्गो बनाउनु भयो तर आज भोलीको भावी पुस्ताले सवै गाली गर्ने संसद यो हुनेवाला छ । हामी गाली गर्ने संसद बन्ने या हामी सवैले सम्मान गर्ने पुस्ता बन्ने सवैले सम्मान गर्ने संसद बन्ने यति कुरा यो हलले निर्णय गर्नेछ । म अनुरोध गर्न चाहन्छु । यो हलले आगामी पुस्ताले हामीलाई  राम्रो संग सम्मान गर्ने सवै आदिवासी जनतातिहरु जो हामी २९ जना चाहीं आदिवासी जनताति सांसदहरु हुनुहुन्छ । म वहांहरुसंग अनुरोध गर्न चाहन्छु वहांहरु पहिचान र अधिकारका लागी संघर्ष गर्नुहोस ।  हामीहरु

तपाईंहरुको साथमा छौं । हामीले भनेका छौं तर यदी वाउको गला रेटनी हिसावले लाग्नु हुन्छ भने हाम्रो भन्ने केही छैन । हामी भनेका छौं एउटै घरमा वस्ने एउटै अधिकारका निम्ति लडने साथीहरु त्यही आज गला रेटने हिसावले लाग्ने कुरा हाम्रो लागी दुखको कुरा छ । म अनुरोध गर्न चाहन्छु । आगामी दिनमा अवको यो प्रदेशको नामाकरणको सन्दर्भमा मैले संशोधन प्रस्ताव राखेको छु । पहिचानका आधारमा यो प्रदेशको नामाकरण होस त्यसका निमित्त छलफल अगाडी बढोस म यही आग्रह गर्दै आफ्ना भनाई टुंग्याउन चाहन्छु । धन्यवाद ।

## माननीय सभामुख

माननीय श्री किरण गुरुङ्गलाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय श्री किरण गुरुङ्ग

माननीय सभामुख महोदय, राजधानी त हामीले टुंगो लगाई सकेका छौं । सर्वसम्मत निर्णय गरेका छौं र अव हामी ४ नं. प्रदेश भनेर भनिएको ४ नं. प्रदेशको नामाकरण गर्नका निम्ति यो छलफल अगाडी बढीरहेको छ। म यो राजधानी र प्रदेशको नामाकरण गर्ने समितिलाई हार्दिक धन्यवाद दिन चाहन्छु र म धेरै भन्न चाहन्न अव नामको सन्दर्भमा नाम र अधिकार मलाई लाग्छ छुट्टाछुट्टै विषयहरु हुन । नाम बल बहादुर हुन सक्छ, धन बहादुर हुन सक्छ । बल बहादुर नाम हुँदैमा उ पहलवान हुन्छ भन्ने केही छैन । अव धन बहादुर हुँदैमा उ धनी हुन्छ भन्ने पनि मलाई त्यस्तो लाग्दैन । त्यसैले अहिले यो प्रदेशको नामाकरणको सवालमा पहिचानको कुरा उठिरहेको छ । आदिवासी जनजातीहरुले पहिचान चाहिन्छ र पहिचान हुनुपर्छ भनेर यो एउटा आन्दोलनलाई अगाडी बढाईरहेका छन । ठीक छ हामी पहिचानका विरोधी हैनौं । कहिले पनि आदिवासी जनजातीको विरोध मलाई लाग्छ नेकपाले गरेको छैन । भोलिका दिनहरुमा पनि गर्दैन र त्यती मात्र हैन यो प्रदेशमा यो मुलुकमा वस्ने जुनसुकै जातजाती भाषीभाषी संस्कृति धर्म सवै समुदायहरुलाई त्यतिकै सम्मान नेपाल कम्युनिष्ट पार्टी नेकपाले गर्दछ । यो खुला पानाको रुपमा हामीले प्रतिवद्धता जाहेर गर्दै आईरहेका छौं र जहांसम्म पहिचानको कुरा छ पहिचान भनेको भाषा संस्कृति होला अर्थात भन्ने हो भने भाषा संस्कृति नै पहिचान हो । भुगोल पनि पहिचान हो । ईतिहास पनि पहिचान हो । ईतिहाससंग जोडिएको, भाषासंग जोडिएको, संस्कृतिसंग जोडिएको र भुगोलसंग जोडिएका कुराहरु पहिचान हुन र यो संग जोडिदैंन भने ति नामै हैन । अघि मैल भनें बल बहादुर, कृष्ण बहादुर अर्थात कृष्ण जे भनैं त्यो नाम हो । त्यसैले अहिले हामीले जुन पहिचान भनिरहेका छौं पहिचान भनेर जुन भनिरहेको छैं मलाई

लाग्छ हुनत नाम पनि एउटा पहिचान नै हो । नाम राखेपछि त पहिचान दिन्छ त्यसले तर अहिले हाम्रो पार्टी नेपाल कम्युनिष्ट पार्टी नेकपाले प्रदेश नं. ४ को संसदीय दलले हिजो मात्र हाम्ले वैठक गर्‍यौं र हामीले आन्तरिक छलफल गरेर त्यसलाई सर्वसम्मत ढंगले टुंग्यायौं । के अव हामीले गण्डकी प्रदेश भनेर यो प्रदेशको नामाकरण गर्नुपर्छ भनेर हामीले टुंग्याएका छौं र म यो यहां जानकारी गराउन चाहन्छु र गण्डकी हामीले किन भन्यौं ? किन निष्कर्षमा पुग्यौं ? हामीले धेरै छलफल गर्‍यौं । धेरै दिन हामीहरुले रातहरु हामीले छलफलमा खियायौं र हामी सर्वसम्मत ढंगले गण्डकी प्रदेशनै अहिलेको उपयुक्त नामाकरण हुन सक्छ भनेर हामीले त्यो निष्कर्षमा हामी पुगयौं । गण्डकी लाग्न सक्छ लाग्न सक्छ यो चाही पहिचान होइन । यो गण्डकी भनेको एउटा नदीको नाम हो यो भौगालिक नाम हुन सक्छ । यो यसले कुनै पहिचान बोल्दैन भनेर पनि सकिएला तर यथार्थमा यो गण्डकी कसरी भनियो धेरै विद्धानहरुले भनेका छन । धेरै श्रष्टाहरुले उल्लेख गरेका छन । कि यो गण्डकी मगर भाषाबाट मगर भाषाको गान भन्ने हरियो साग रडि भनेको पानी यो गाण्डीबाट व्याकरणमा यो अपभ्रंश भएर भनिन्छ गण्डकी भएको भन्ने छ । व्याकरणले अपभ्रंश भन्छ । अब हामीले अर्को शव्दमा राजनीतिक शव्दमा भन्ने हो भने यो विकास भएर गण्डकी भएको भनेर भन्न सक्छौं । त्यसै गरेर गुरुङ्गहरुको सवैभन्दा प्राचिन शास्त्र जुन मौखिक छ । पछि भनेर भनिन्छ र ती शास्त्रमा गोर्खा लम्जुङ्गका केही पछिहरु यो शास्त्रमा सातवटा डि को कुरा आउंछ । सातवटा डि भनेको हिमालबाट वग्ने नदीलाई डि भनेर त्यो प्राचिन शास्त्रमा उल्लेख छ । साना खोलाहरुलाई स्पयो र त्यो ठूला सातवटा नदिहरुलाई डि भनेर भनिन्छ । त्यो उल्लेख छ । त्यसैले यो पश्चिमको जुन संस्कृति छ त्यो

संस्कृति अनुसार जुन अहिले हामीले सप्त गण्डकी भनेर भन्छौं । सातवटा नदीलाई गण्डकी भनेर हामीले जुन भन्छौं त्यो डि को सातवटा डि को उल्लेख भएको पाईन्छ र त्यसले गर्दा र यो गुरुङ्गको संस्कृतिसंग पनि त्यो त्यतिकै जोडिएको छ । गुरुङको पहिचानसंग पनि जोडिएको छ । मगरको पहिचानसंग पनि यो जाडिएको छ । किनकी एउटा भाषा एउटा संस्कृतिसंग यो जोडिएर आएको छ । र त्यस्तै गरेर यो अहिले हामीले यो गण्डकी भयो र अव यसमा खसमा नेपालीकरण भयो भनेर भन्ने हो भने पनि अव यो एउटा राम्रै कुरा भयो । गुरुङ्ग, मगर र अन्य जनजाति सवैको साझा पहिचान बोक्ने नाम गण्डकी नै हो भन्ने मेरो ठहर रह्यो र मैले भन्दै पनि आको छु की यस्तो अवस्थामा अव हामीले अव तमुवान किन भन्ने, मगरात किन भन्ने गण्डकीले नै तमुवानलाई प्रतिनिधित्व गर्छ । गण्डकीले नै मगरातलाई प्रतिनिधित्व गर्छ त्यतीमात्र होइन् गण्डकीले दुरालाई प्रतिनिधित्व गर्छ, थकालीलाई प्रतिनिधित्व गर्छ, थरुहट थारुहरुको पनि यसले प्रतिनिधित्व गर्छ । अघि सिया र अन्य विभिन्न आदीवासी

जनतातिहरु यस प्रदेशमा यस प्रदेशमा छनु । उनीहरु सवैको थाकथलो यही प्रदेश हो भनी सवैलाई यसले प्रतिनिधित्व गर्छ । त्यसले गर्दाखेरी सवैभन्दा उपयुक्त नाम भौगोलिक हिसावले जुन वहुपहिचान भनेर हामीले भनिरहेका छौं बहुपहिचान दिने नाम भनेको गण्डकी नै हो । त्यसैले यो गण्डकी राख्नु पर्छ र म सवै आदीवासी जनजातिहरु जसका संघ संस्थाहरुले जसले तमुवान हुनुपर्छ भन्ने वहांहरुको एउटा ञमाग रहँदै आएको छ । माग हुनुपर्छ भन्ने माग रहँदै आएको छ भने वहांहरु सवैलाई म आग्रह गर्न चाहन्छु की यो सवै प्रदेश नं.४ का आदीवासी, जनजातिहरुक प्रतिनिधित्व गर्ने भूगोललाई पनि प्रतिनिधित्व गर्ने त्यसमा रहेका अन्य जातिहरुको व्राम्हण, क्षेत्री लगायत दशनामी देखि लिएर सवै उत्पिडित दलित सवै जातजाति वर्ग सवैको प्रतिनिधित्व गर्ने एउटा साझा नाम गण्डकी हो र यो गण्डकी नाम राख्दा यसले धर्मको प्रनिनिधित्व पनि गर्छ । यसले संस्कृतिको प्रतिनिधित्व गर्छ यसले भाषाको पनि प्रतिनिधित्व पनि गर्छ । यसले भूगोलको पनि प्रतिनिधित्व गर्छ र सवैको प्रनिनिधित्व गर्ने हुंदा र यो गण्डकी नाम यदी हामीले सर्वसम्मत ढंगले गर्न सक्यौं भने यो प्रदेशको ओजस्वीता पनि बढछ भन्ने यहां आग्रह गर्दै अनुरोध गर्दै आफ्ना भनाईहरु समाप्त पार्छु । हवस्त धन्यवाद ।

## माननीय सभामुख

माननीय श्री कृष्णचन्द्र नेपाली पोखेललाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय कृष्णचन्द्र नेपाली

सभामुख महोदय, आज हामी ४ नं प्रदेशको नामाकरणलाई लिएर यहां छलफल गर्दै छौं । निश्चित रुपमा यो भोलिका सन्ततिका लागि र वर्तमान पुस्ताका लागि या तपाईं हामी सवैका लागी आजको यो क्षण स्मरणीय छ । ऐतिहासिक छ म के अपिल गर्न चाहन्छु भने हामीहरु वास्तवमा जुन जनमत हामीले पाएका छौं त्यो जनमतलाई पनि कदर गर्दै एउटा निर्णयमा पुगौं । सर्वसम्मत रुपबाट नामाकरण गरौं भन्ने म सभामुख महोदय मार्फत सम्पूर्ण राजनीतिक दलका साथीहरुसंग अनुरोध गर्न चाहन्छु र मेरा केही कुराहरु राख्नु भन्दा अगाडी सभामुख महोदय अलिकति म पृष्टभूमितिर जान चाहन्छु । धेरै दिन वितेको छैन महोदय यो मुलुकमा जातिय राज्यको सपना बांडिएको पनि थियो । त्यही आधारमा हाम्रा युवाहरु हतियार बोकेर हिंडेका पनि थिए र त्यो अवस्था मुलुकले थाम्न नसके पश्चात यहांका राजनेताहरुले एउटा सोलुशन निकालेर बाह्रबुंदे मार्फत राजनीति प्रवेश गरेको थियो । यसै सन्दर्भमा अघिल्लो संविधान सभाको निर्वाचनभयो । सभामुख महोदय त्यतिखेरको अभिमत फरक प्रकारको थियो र सभामुख

महोदय त्यतिखेर २ वर्षको लागी भएको संविधान सभा ४ वर्षसम्म जांदै गर्दा पनि संविधान नेपालीले पाउन सकेनन । म अहिले पनि याद गर्छु सभामुख महोदय, हामी सवैको स्मरण ताजा छ । संविधान सभा विघटन हुँदै गर्द नजिक नजिकका २ मुलुकमा हाम्रो देशको अवस्था कस्तो थियो ? हामी सवै आतंकित थियौं । कहिं यो मुलुक जातिय द्धन्दमा त जांदैन । सभामुख महोदय कुनैपनि जातिको पहिचानसंग अर्को जातिले ईर्स्या गर्नु पर्दैन । डेमोक्रेसी भनेको लोकतन्त्र भनेको सवैको पहिचान सवैको अस्तित्व स्वीकार्ने व्यवस्था हो । तर सभामुख महोदय जसरी व्याख्या गरियो एउटा समुदायको एउटा जातिको पहिचान अर्को जातिले आफू असुरक्षित संझियो र त्यो दिन म याद गर्छु । तर समय ईतिहासलाई म धन्यवाद दिन चाहन्छु । कि त्यो संविधान सभा जुन संविधान सभामा अभिमत पाउने पार्टीहरु ती जातिय राज्यको सपना बांटेर आउनु भएको थियो । वहांहरुले संविधान दिन सक्नु भएन । संविधान सभा कोल्याप्स भो र सभामुख महोदय अहिले हामी जो आका छौं फरक जनमतबाट आका छौं । हिजो त्यो पार्टी सवभन्दा ठूलो पार्टीको रुपमा उपस्थित थियो । जो जातिय राज्यको रुपमा वकालत गरेको थियो । तर अहिले अहिलेको कम्प्लिकेशन के छ भने पहिलेको संविधान सभा दोश्रो संविधान सभा त्यले के भन्यो भने लोकतन्त्रको लागी सवैको अपनत्व हुनु जरुरी छ । सवै जातजाति, भाषाभाषि समुदायको अपनत्व हुन जरुरी छ र पहिला त्यो संविधानमा हुनुपर्छ यस अर्थमा मनमतको आधारमा नेपाली कांग्रेसको नेतृत्वमा यो मुलुकले संविधान पायो । सभामुख महोदय त्यो संविधानमा सवैले अपनत्व महसूस गरे । त्यो संविधान निर्माताहरुले यो टुंग्याई दिदा पनि सक्थे । मलाई के लाग्छ भने आफ्नो प्रदेश भोलि हुने संघियताको त्यो प्रदेशको सम्पूर्ण जिम्मेवारी त्यो प्रदेश सभा हुन्छ र त्यसले आफ्नो परिस्थित भित्र रहेर निर्णय गर्छ भन्ने आधारमा सायद संविधानमा त्यो व्यवस्था गरेर आज त्यो जिम्मेवारी हाम्रो सामुन्ने आएको छ र त्यो जिम्मेवारी निर्वाह गर्दै गर्दा म अपिल गर्न चाहन्छु हिजोका ह्यांगओभारबाट ह्यंागओभार मुक्त हौं । ठीक छ राजनीतिक उतार चढाव आउंछ तर म हिजो भनिसकेको थिए मैले पहिचानलाई जातियता राज्यको रुपमा व्याख्या गराई वा पहिचानलाई व्याख्या गर्न खोजें । त्यो कुरा छोडेर आजको अभिमतले के भनेको छ भने सम्पूर्ण जातजातिहरुलाई अटाउने यो ४ नं. प्रदेश खुसहाल रहोस । त्यो तर्फ जाने यो संविधान सभा यो हम्रो प्रदेश सभाको दायित्व छ । सभामुख महोदय, यस सन्दर्भमा म यतिमात्र के भन्न चाहन्छु भने यदि हिजोका अवस्था सिर्जना नभएको भए हामीले दुनियांमा अरु देशहरु देखेका छौं । हामी छिमेकी भारतमा जान्छौं भने गुजरात भन्ने नाम छ त्यहां कसैलाई आपत्ति छैन । त्यहाँ पंजावी होला अर्को पनि होला त विहार विहार छ यहाँ अरु जात पनि हुन सक्छ । यो प्रयोगमा हुने कुरा हो । हाम्रो दुर्भाग्य कहां हो भने अघिल्लो संविधान सभामा जसरी यो

पवित्र शव्दहरुलाई अपव्याख्या गरियो । आज त्यहि हंयांगओभर बोकेको अवस्था छ । यस अर्थमा हामीहरुले एउटा सहज निकास दिनु जरुरी छ । यसै सन्दर्भमा मेरो पार्टी नेपाली कांग्रेसले हाम्रो दलले सभामुख महोदय हामीले सर्वसम्मत रुपबाट गण्डकी प्रदेश नै यस प्रदेशको सवभन्दा उत्तम नाम हुन्छ भनेर हामीले निर्णय गरेका छौं । यसो भन्दै गर्दा हिजोको अपव्याख्याभित्र समुदायको गडकी प्रदेश कुनै समुदायको विरुद्धमा या कुनै समुदायको पक्षमा यो होइन । सभामुख महोदय म भन्दा पहिले हाम्रो मन्त्रीज्यूले पनि राखीसक्नुभाको अवस्था छ । यो हामी गण्डकी प्रदेशका वासी हौं । आजभन्दा हजारौं वर्ष पहिले देखि हामी यहां वसेका छबौं । हामीले त्यो मौराकालिन ईतिहास हेरयौं भने हाम्रो यहां लेकमा भएका घुम पाखीहरु मौराकालिन पाटिल पुत्रमा गएर विक्रि भएको हाम्रो ईतिहास छ । सभामुख महोदय, त्यो वेलामा घले राजाहरु थिए । गुरुङ राजाहरु थिए । दक्षिणमा मगर राजाहरु थिए र पछि ईतिहासको क्रममा खस आर्यहरुको आगमन भयो र आजसम्म यो गण्डकी प्रदेश त्यो पेरिफेरिमा हामी शिक्षित भएर सभ्यता हुर्काएका छौं । हाम्रो पहिचान गण्डकी नै छ । निश्चित रुपमा यो मैले पनि भनेको होईन । हामी सवैले आदर गर्नुपर्ने । सभामुख महोदय डाक्टर जगमान गुरुङ्गले लेख्नु भएको अवस्था छ । वहांले भन्नु भो अहिले त्यो किताव प्रकाशितछ । कि यो सप्त गपण्डी प्रदेश भनेको नुवाकोटको गल्खु भन्ज्याङ्ग देखि यता अर्घाखांचीको गल्कोट सम्मको यो भुभाग हिजै देखि थियो । कोरला देखि त्रिवेणी सम्म हामी को थारु , को मगर, को गुरुङ्ग सवै यो जातजाति यहां फस्टाएको अवस्थामा हामी के देख्छौं भने हाम्रो पहिचान झल्किने भनेको अवको गण्डकीमा हो ।

गण्डकी प्रदेश निवासी हौं भन्दै गर्दा त्यो मगरातको एउटा लाङ्घाली हुन सक्छ । एउटा मगर दाजुभाई हुन सक्छ । एउटा बाहुन हुन सक्छ, एउटा कामी हुन सक्छ, एउटा दमै हुन सक्छ, एउटा चेपाङ्ग हुन सक्छ । त्यस्तै हाम्रो तमु गुरुङ्ग हुन सकछ । त्यो गौरव हामीले प्राप्त गर्न सक्छौं भन्ने हाम्रो मान्यता छ । सभामुख महोदय, यस अर्थमा म के भन्न चाहन्छु भने हामी अलिकति पनि आफ्नो चेतनालाई अलिकति हिजो म कहिं के करामा बोल्दै थिएं हिजो पार्टी संचालन गर्दा के गरया् भन्दा पनि आजको बाटो के छ त्यो बुझेर यो सम्मानित सभाले निर्णयमा पुग्ने छ भन्ने मलाई लाग्दछ । सभामुख महोदय, यस सन्दर्भमा मेरो पार्टी नेपाली कांग्रेसको तर्फबाट अघि नै मैले भनेकी हामीले निर्णय गरेर दिएका छौं र म सवैलाई अपिल गर्न चाहन्छु यो ठूलो ऐतिहासिक एउटा घडी छ जसरी हामीले राजधानीको विषयमा सर्वसम्मत रुपबाट हामीले निर्णयमा पुग्यौं । हो निश्चित रुपमा आज हिजो आन्देलन हांक्दै गर्दा मेरा पनि धेरै साथीहरुले मसंग एउटा माने सम्पर्क गर्नुभाको छ । किनभने हाम्रो विभिन्न जातजातिबाट हाम्रो पार्टीमा छन कुनै पार्टीमा कुनै जाती विषेशको होइन । हामी बहुदलीय व्यवस्थामा गाका छौं भने त्यहां सवै जातजातिका नेताहरु छन ।

निश्चित
रुपमा त्यो होला तरपनि के हो भने यो गण्डकी प्रदेश जहां सवै सुरक्षित जहां सजै पुलक्कित छन । भोली भविष्य जसरी विगत हामीले गण्डकीले हामीलाई दिएको छ भने हामी सोच्दैछौं । भोली उज्यालो प्रदेश भोलीको समृद्ध प्रदेश र भाली सवै प्रदेशसंग प्रतिस्पर्धा गर्ने प्रदेश बनाउनेको लागि यिनै सप्त गण्डकी म्याली यही सप्मत गण्डकी, यही यही गाण्डी वहांले भन्नुभाको छ । यो गण्डकी भनेको कुनै जातिको हैन । यो उत्पत्ति अघिनै वहांले भन्नुभाको छ । त्यो मगर भाषाबाट पनि आको छ । गुरुङ्ग भाषाबाट पनि आको छ र पछी खस आर्यहरुले संस्कृतिकरण गरे के गरे तल गण्डकी लगै यदी अपनत्व खाज्ने हो भने अधिकार सवैको छ । अहिलेको वर्तमान गण्डकी शव्द यसरी हामी सवैको एउटा चाहिले भोलीको सुनौलो भविष्य छ । यसैमा हामी सर्वसम्मत रुपबाट अगाडी बढौं भन्ने अनुरोध गर्दै मेरो पार्टीको तर्फबाट दलले यहां दिईसकेको हुनाले गण्डकी प्रदेशकै नामाकरण होस भन्ने अपिल गर्दै विदा हुन चाहन्छु धन्यवाद ।

## माननीय सभामुख

माननीय श्री आशा कोईरालालाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय आशा कोईराला

माननीय सभामुख महोदय, नेपालको सफल राजनीतिक क्रान्तिपछि हामी एकात्मक राज्य प्रणालीको अन्त्य गर्दै संघिय शासन प्रणालीमा आएका छौं । हामीलाई संघिय राज्य प्रणालीमा आई सकेपछि हाम्रो यो सार्वभौम सत्ता सम्पन्न नेपाली जनताको प्रतिनिधिमुलक संस्था यो प्रदेश सभाबाट हामीलाई हरेक कुराको निर्णय गर्ने म्यान्डेट प्राप्त भएको छ । आज हामी प्रदेशको नामाकरणको विषयमा छलफल गर्न गई रहेका छौं । यो हाम्रो गौरवको कुरा हो । यो सार्वभौम अधिकार हामीलाई ईतिहासले सुम्पेको छ । हामी ईतिहास प्रति गर्व गर्छौं । माननीय सभामुख महोदय हामी प्रदेश नं. ४ को नामाकरणको विषयमा छलफलमा छों । यो प्रदेश प्राकृतिक रुपले अत्यन्त सुन्दर र मनोरम छ । विविध जाती,भाषा, संस्कृति जस्ता विविधताले भरिपूर्ण तमु जातिको आदी थलो, मगर समुदायको उल्लेख्य बसोबास रहेको अन्य अल्पसंख्यक सिमान्तकृत समुदायका जातिहरुले बसोबास गर्न थारु जातिको अलग पहिचान सहितको यो प्रदेश सांच्चै सुन्दर छ । हिमाल, पहाड र तराईको भूभाग समे.टिएको यो प्रदेश अग्ला पहाडि क्षेत्रको वेसीबाट मंगोलियन सभ्यताको विकास भएको र यहांका नदी किनारहरुबाट आर्य सभ्यताको विकास भएको ऐतिहासिक तथ्य पनि हामी विच पाउंछौं

। यसर्थ मानव सभ्यताको विकासको दृष्टिकोणले यो क्षेत्र यो प्र देश महत्वपूर्ण छ । हामी प्रदेशको नामाकरण केहि विविधताको विचबाट खोज्नु जरुरी छ । प्रदेश सभामा गठित सुझाव समितिले गण्डकी, गण्डकी तमुवान, तमुवान मगरात, गोर्खा धौलागिरी लगायतका  नामहरु प्रस्ताव गरेको छ । हामीलाई नेपालको संविधानले निर्दिष्ट गरेको छ । प्रदेश सभाको दुई तिहाई बहुमतद्धारा प्रदेशको नामाकरण र केन्द्र तोक्ने प्रावधान हामीले केन्द्र तोकिसक्यौं पोखरा । अव हामी सर्व सम्मत रुपमा पोखरा तोक्न सफल भएजस्तै अव हामी नाम तोक्न गईरहेका छौं । सभामुख महोदय, प्रस्तावित तमुवान मगरातहरुले आफ्नो पहिचान चाहिने कुरामा जुन खालको माग गरेका छन त्यो माग प्रति हाम्रो सम्मानछ  स्थापित गर्ने कुरामा आफ्ना धारणाहरु राख्यों । आज पनि हामी पहिचान स्थापित गर्ने कुरामा सचेत छौं र भोलि पनि रहने छौं । किनकी यो एउटा ऐतिहासिक तथ्य हो । तर यसलाई भूगोल नबुझ्ने यो यसलाई सभ्यता नवुझ्ने र जाति मात्र बुझ्ने एउटा जुन खालको समस्या हामीमा देखा पर्‍यो त्यसै कारण दुई तिहाईको सम्भावना कम भएकोले सवैको साझा सवैलाई सम्बोधन गर्न सक्ने उपयुक्त नाम गण्डकी हो भन्ने कुरा देखिएको छ। नेपालको संविधानले उत्पिडितको क्षेत्र र समुदायको पहिचान स्थापित गर्न विशेष र संरक्षित क्षेत्रहरु व्यवस्था गरेको छ । यसको कार्यान्वयनको वातावरण बनाउन सके हामीले  सवैको पहिचान स्थापित गर्न सक्छौं । अस्थिरता, स्थिरता, सामाजिक सदभाव र एकताको लागी तिमी र म होइन हामी भन्ने भावनाको लागी मुस्ताङ्गदेखि त्रिवेणी र काली गण्डकी देखि बुढी गण्डकी क्षेत्रको सम्पूर्ण जनसमुदायको मनोविज्ञानको र भावनाको केन्द्रिकरण गर्नको लागी प्रदेश नं. ४ को एघारै जिल्लाको भुगोल समेटेको जलाधार क्षेत्र गण्डकी नै साझा र उपयुक्त नाम हुन सक्छ भन्ने हामीले पनि ठहर गरेका छौं । मुस्ताङ्ग देखि त्रिवेणी सम्मको सप्त गण्डकीको प्रवाहमा तपाई हामी सवैको भावना वगेको छ । यहांको जातिय, भाषिक, धार्मिक, सांस्कृतिक बहुलतालाई प्रवाहित गरेको छ । प्रदेशको उच्च प्राथमिकतामा रहेका क्षित्रहरु कृषि, पर्यटन उर्जाको विकाासको आधार पनि यो क्षेत्रमा प्रशस्त छन र यो हो । तसर्थ गण्डकीलाई सर्वसम्मत रुपमा निर्णय गिर्नको लागि म  सभामुख महोदय  मार्फत  सम्पूर्ण माननीय सदस्यहरुसंग हार्दिक अनुरोध गर्दछु । धन्यवाद ।

## माननीय सभामुख

माननीय श्री कृष्ण थापालाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय कृष्ण थापा

सभामुख महोदय, आज हामी यो प्रदेशको नाम नामाकरण हामी छलफल गर्न गईरहेका छौं । हिजोसम्म नेकपका साथीहरु माननीयज्यूहरुले आफ्नो मुख खोल्नु भएको थिएन ।

त्यस वेला हामीलाई निकै छटपटाहट थियो । शंका र अविश्वासहरु पनि थिए । जहांसम्म लाग्छ हिजो निर्णय गरेर जुन गण्डकी राखनु पर्छ भन्ने नाम राखेर अगाडी बढनु भयो म वहांहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । जव देशमा राज्य पुनसंरचनाको प्रश्न सिर्जन भयो । विगतमा राज्यलाई हामीले जुन किसिमले वांढ्यौं । त्यसले गर्दा देशका नागरिकहरुले धेरै दुख र असजिलो महसुस गरे । त्यसवेला हामीले के भनेका थियौं भने राज्यको पुनसंरचना गर्नुपर्छ र राज्यको पुनसंरचना भौगोलिक किसिमले क्षेत्रगत किसिमले र सुविधाको हिसावले पनि त्यसलाई समायोजन गरेर जानुपर्छ । हामीले भनेका थियौं । त्यसवेला हामीले बढी भन्दा बढी जोडदार रुपमा के कुरा पनि सुन्यौं र हामीले अस्तिभर्खर पनि सुन्यौं । युरोपियन युनियनले जातिय आधारमा देशमा संघियता कायम गर्नुपर्छ  भनेर भनियो । अस्तिसम्म पनि भनिदैं थियो । सायद हाम्रो प्रधानमन्त्री केपी ओलीजीले भन्नुभयो हाम्रो देशको सवाल अरुले उठाउने हैन भन्नु भयो । त्यसवेला पनि हामीले भनेका थियौं र अहिले पनि हामीले के भन्छौं त भने देशको राज्यको पुनसंरचना गर्दा जातिय आधारमा गर्नु हंदैन ।

नेपाल भनेको बहुजाति, बहुभाषिक र बहुसंस्कृति भएको देश हो ।  यसले गर्दा यहां १०५ जातिहरु राज्यमा बसोबास गर्ने गर्छन । त्यसकारण एउटा पहिचानको आधारमा एउटा जातिलाई मात्र यति प्रश्रय दिएर अगाडि बढियो भने देश युगान्ढा जस्तो हुन सक्छ । युगान्डामा हामीले देख्यौं नि त्यहां जातिय संघियता कायम गरियो । जातिय संघियता कायम गर्दा खेरी होतु र तुषुहरुको जातिय द्धन्दले करिव १२ दिनमा १२ लाख मान्छेहरुको चिहान भएको छ । अहिले त्यहां फर्किएर हेर्ने हो भने जातिय द्धन्दले लेखिएको ईतिहास छ सायद त्यो दुख पूर्ण छ । के हामीले हाम्रो देशमा पनि त्यस्तै किसिमको दु:ख र ईतिहास भाग्नु अगाडि बढाउन सक्छौं त ? मलाई लाग्छ सक्दैनौं हामी मिलेका जाति हौं । मलाई लाग्छ मिलेका जातिहरुमा द्धन्द सिर्जना गर्नु हुंदैन । त्यसले गर्दा खेरी यो जातिय संघियता हामीले देशमा भित्रयाउन हुन्न भनेर हामीले भन्यौं र अर्को त्यो हामीले देशमा राज्य पुन :संरचना गर्दाखेरी अर्को प्रश्न उठेको के होत भने मधेशवादी दलहरुले एक मधेश एक प्रदेश भनेर जुन किसिमको ,एउटा आवाजहरु उठाउने गरे सायद  यसको स्वार्थ सायद मधेशलाई भारतसंग जोडनु थियो । त्यस कारण हामीले त्यसरी पनि राज्यको पुन:संरचना गर्न हुन्न भनेर भन्यौं । सायद त्यो अहिले केही त भयो तर पनि त्यो पूर्ण सफलता हुन सकेको छ । त्यसले गर्दा खेरी म राज्यको पुन :संरचना हामीले राज्यको नामाकरण गर्ने सवालहरुमा हामीले त्यसरी गर्नु हुंदैन । जातियगत रुपमा गर्नु हुंदैन । हामी कम्युनिष्टहरुले त जातिहरुको मुक्ति भनेको त वास्तवमा वर्गिय आधारमा खोज्नु पर्छ । उनीहरुमा हुने विभेदहरुबाट  खोज्नु पर्छ र उनीहरुमा भएको असमानताबाट खोज्नु पर्छ । यदी त्यलाई निराकरण गर्ने हो भने जातिहरुको समस्या मात्र हैन राष्ट्रको पनि

समस्या समाधान हुन्छ । त्यसैले गर्दाखेरी म त्यो कुरा भन्न चाहन्छु र हाम्रो पार्टीले त मलाई लाग्छ यो राज्यको पुन:संरचना र नामाकरणको सवालमा त हामी त माओ हुं जस्तो लाग्छ । जननी हुं जस्तो लाग्छ । हामीले राज्यको नामाकरण गर्ने सवालमा २०६४ सालमै हामीले के गर्‍या छौं मलाई सात प्रदेश बनाउनु पर्छ र विभिन्न किसिमको भन्याछौं । हामीले मलाई गण्डकी प्रदेश भन्याछौं । सायद हाम्ले कर्णाली प्रदेश भन्या छौं त्यो कर्णाली प्रदेश भैसकेको छ । सायद हामीले लुम्विनी प्रदेश भन्या छामैं । जनकपुर प्रदेश भन्याछौं । वाग्मती प्रदेश भन्याछौं त्यो हुनेवाला छ । त्यसकारण हामीले यदी सांचे कुरा बोल्ने कुरामा कन्जुस्याई गर्नु हुन्न जसरी नेकपाका साथीहरुले कन्जुस्याई गर्दै गर्दै हिजो सम्म आउनु भयो । त्यसकारण म के अनुरोध गर्न चाहन्छु त भने यो प्रदेश हाम्रो वास्तवमा निसि भुजीदेखि संखुवासभा सम्म पानीढलेको एउटा प्रदेश हो र यो प्रदेशलाई गण्डकी प्रदेश भनेर भनिन्छ र यो गण्डकी प्रदेशले वास्तवमा सप्त सातवटा गण्डकीलाई प्रतिनिधित्व गर्दछ । सेती काली मर्स्याङ्गदी लगायत कैयौं नदीहलरुको प्रतिनिधित्व गर्छ र त्यसले सवै जाति भुगोल सवैलाई प्रतिनिधित्व गर्दछ त्यले गर्दा यो हाम्रो असाध्यै लोकप्रिया असाध्यै राम्रो र सवैले समेटने किसिमको नाम हो ४६४ ईस्वी सम्वतको एउटा ढुंगे सिलालेखमा पनि यसको नाम गण्डकी भनेर उल्लेख भएको छ त्यसकारण यसको धेरै पौराणिक किसिमले धेरै ऐतिहासिक किसिमले यसको नामाकरणको वर्णन गरिएको छ । सायद यही राम्रो वर्णन भएको कारणले होला महादेवले आफ्नो भान्जालाई त्यो धेरै राम्रो राज्य छ त्यसकारण छिटो भन्दा छिटो आक्रमण गर समेत भनेका थिए । त्यसकारण यति राम्रो नामलाई हामीले उल्लेखित गरेका कुरालाई हामीले नतोडौं मलाई लाग्छ कतिपय जातियगत रुपमा आएका समस्याहरु छन । त्यसलाई हामीले वर्गिय रुपमा पूरा गरौं र त्यसो गर्न सकियो भने हाम्रो प्रदेश सुन्दर हुन सक्छ त्यसकारणले गर्दा हामीले यो गण्डकी नाम यी ३,४ उल्लेख नामाकरणहरुले धेरै उपयुक्त छ । अर्कोतिर ईतिहास विदहरुले पनि नामलाई विवादित नबनाउन धेरै जसो् भौगोलिक
रुपले आफ्नो नाम कायम गर्ने गरेको पनि एउटा ईतिहास छ । यी कुराहरु राख्दै म विदा हुन्छु धन्यवाद ।

## माननीय सभामुख

माननीय श्री कृष्ण बहादुर थापालाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय कृष्ण बहादुर थापा

सभामुख महोदय, आज हामी प्रदेश सभाको यो वैठकमा असाध्यै महत्वपूर्ण विषयमा छलफल गर्दै छौं । गएको १८ गते मात्रै हामीले एउटा ऐतिहासिक निर्णय गर्‍यौं । हाम्रो यस सुन्दर महानगर पोखरालाई प्रदेशको राजधानी तोक्यौं र हामी राजपत्रमा पनि यो प्रकाशित भएर आईसकेको चाहिं छ र आज हामी त्यस्तै ऐतिहासिक निर्णयमा चैं छौं र म भन्दा अगाडीको माननीय सदस्यज्यूहरुले धेरै महत्वपूर्ण विषयहरु यहां राखि सक्नु भएको छ । सभामुख महोदय हामीले कतिपय छलफल गरिरहंदा धेरै विषयहरुमा अव वाहिर भएका कतिपय आन्दोलनहरु केही केही ईस्युहरु उठेका पनि छन । त्यो बारेमा पनि हामी स्वभाविक त्यतिनै जवाफदेही चैं छौं । अनि मलाई एउटा कुराको याद आउंछ । हुनत यहां धेरै साथीहरु अमेरिका जानुभाछ र त्यो एयरपोर्टमा के लेखिएको छ भने तिमी कहांबाट आयो त्यो हाम्रो प्रश्न हैन, तिमी कुन जातको हौ त्यो पनि हाम्रो प्रश्न हैन तर अमेरिकाको लागी तिमिले के योगदान गर्न सक्छौ त्यो हाम्रो प्रश्न हो भनेर त्यहां लेखिएको छ । आज हामी एक्काईसौं शताव्दीमा छौं र सिंङ्गो संसार एउटा ग्लोवल भिलेज भएको छ । दुरी त्यस्तो टाढा छैन त्यो अवस्थामा अहिले हामी वांचिरहेका छौं । यस्तो आवस्थामा हामी पहिचानको कुरा पनि गरिरहेका छौं । मलाई लाग्छ आजको पहिचान एक्काईसौं शताव्दीको पहिचान हामी नेपालीको सन्दर्भमा, हामी यो प्रदेशमा वस्ने नागरिकको सन्दर्भमा हाम्रो वर्तमान सरकारले सुखी खुसी नेपाली र समृद्ध नेपाल भनेको छ । प्रदेश नं.४ ले अवको ५ वर्ष भित्रमा हाम्रा अहिले भैरहेको आय आर्जनलाई २५ सय डलर पुर्‍याउने भनेको चाहिं छ। तसर्थ हाम्रो महत्वपूर्ण पहिचान भनेको प्रदेश नं.४ अथवा जो हामी गण्डकी प्रदेश निर्णय गर्दे छौं । गण्डकी प्रदेशमा वस्ने नागरिकहरु सवै सुसंस्कृत नागरिकहरुले बसोवास गरेको आर्थिक रुपमा चाहिं सम्पन्न भएको हामी त्यो पहिचान दिनु पर्ने आजको आवश्यकता छ भन्ने मलाई लाग्छ ।

अव जहाँसम्म नामकै सवालमा हामी कुरा गरिराखेका छौं अघि मैले ईन्द्रधारा विष्ट माननीयज्यूलाई सोधें यो मुस्ताङ्गतिरको कुरा माथिको कुरा त्यांको जनताहरुको भाषाले के भन्छ भन्दा वहांले मलाई के भन्दै हुनुहुन्थ्यो भने गन भनेको हिमाल डाकी भनेको देवी हिमालको देवी अव मलाई एकदम मजा लाग्यो । नामत गजव रैछ योत अव यो गुरुङ्गको नामपनि जोडिने, मगरको नाम पनि जोडिने, ईतिहासको नामपनि जोडिने फेरी हाम्रो प्रदेश वहां अव कोरला माथि मुस्ताङ्ग अव हिमालदेखि त्रिवेणी सम्म छ । हिमालको देवी एकदम राम्रो रैछ र यो हरेक हिसावले यो नाम उपयुक्त छ । जुन हाम्रो पार्टीले यो नाम सिफारिश गरी निर्णय गरेको छ । यस प्रति म आफ्नो हृदयदेखि समर्थन गर्न चाहन्छु । सभामुख महोदय संविधानको धारा १९५ उपधारा २ यो उपधारा त्यो व्यवस्थाले हामीलाई दुई  तिहाईको बहुमतले यो पासगराई नाम राख है भनेर संविधानले हामीलाई त्यो व्यवस्था गरेको छ । अव हामी दुईतिहाई हैन जसरी हामीले

राजधानीको नाम ५२ जना उपस्थित थियौं । ५२ जना नै वयो ढोकातिर नहेरीकन सवै यो ढोकातिर गएर मत राखेर हामीले त्यो निर्णय गर्‍यौं र यो प्रदेशको नाम पनि हामी त्यसरी नै गर्ने छौं भन्ने मलाई पूर्ण विश्वास छ । किनभने हामी जति वहस छलफल गरे पनि सहमती र सहकार्यमा हाम्रो प्रदेशका सवै प्रभावशाली अति सम्मानित माननीयज्यूहरुले आवश्यक परेको खण्डमा त्यस्तो बुद्धिमतापूर्ण निर्णय गरिरहनु भएको हुनाले यो निर्णयमा पनि हामी पछि पर्ने छैनौं भन्ने मलाई विश्वास छ सभामुख महोदय र जहांसम्म संघियताको मोडल पहिचानको मोडल हाम्रो आफ्नै नेपालीपनमा आधारित नेपाली मनमा आधारित नेपाली विशेषतामा आधारित किनभने नेपाल मात्र संसारमा एउटा देश छ वेलायतका विद्धान टोनी हेगेनको लेख वहांको रचना र वहांको भनाईलाई सापटी लिने हो भने पनि युरोप र अमेरिकामा वस्ने मान्छे हौं तिमीहरु सांच्चै मान्छेहरु मिलेको देश हेर्नु छ भने धेरै विशमता भएको देश हेर्नु छ भने धेरै वायोडाईवसिटी हुनेछ भने तिमीहरु एकपटक नेपालनै जाउ भनेर विद्धानले आव्हान गर्नु भएको छ र त्यस्तो एउटा अनुपम विशेषता बोकेको हाम्रो देश भएको हुंदा हाम्रो पहिचानका सवालहरु हाम्रो संघियताका मोडलहरु पनि हाम्रो आफ्नै विशेषतामा आधारित हुन्छन । जुनकुरा हाम्रो आफ्नो अध्ययन आफ्नो अनुसन्धान आफ्नो अनुभवबाट हामी सावित गरेर संसारका संसारका विभिन्न भुगोलमा बस्ने मान्छेलाई संघियताको मोडल हेर्न नेपाल जाउँ । पहिचानको मोडल हेर्न नेपाल जाउँ भनेर हामीले सिकाउन सक्ने, देखाउन सक्ने र त्यो अवसर पनि हामीलाई प्राप्त भएको हुंदा हामी त्यो अवसरलाई पूरापुर रुपमा सदुपयोग गर्ने छौं भन्ने मलाई लागेको छ। सभामुख महोदय अहिले हामी धेरै लामो समय छलफल पनि गरयौं र स्वभाविक कम्युनिष्ट पार्टीले निर्णय नलिंदा यहां कुनै पनि निर्णय हुदैन । संभावना छैन । दुई तिहाईले पास गर्नु पर्छ । संविधानको धारा २९५ ले व्यवस्था गरे अनुसार उपधारा २ ले व्यवस्था गरे अनुसार तर कम्युनिष्ट पार्टीले निर्णय नलिंदै निर्णय नै हुंदैन । त्यसो भएको हुंदा हामी गम्भीरतापूर्वक हामी जनताप्रति जवाफदेही भएर देशप्रति जवाफदेही भएर गम्भीरतापूर्वक छलफलगरयौं र एउटा ऐतिहासिक निर्णयमा हामी पुगेको कुरा पनि म यहाँ जानकारी गराउन चाहन्छु ।

सभामुख महोदय र मलाई लाग्छ मलाई यो महत्वपूर्ण विषय र सम्मानित सभामा यो पनि भन्न मन लाग्यो । मेरो आफ्नो हृदयको मेरो मनको कुरा भन्नु छ भने मेरो कुनै जात छैन मेरो जात नेपाली चुच्चे पनि हैन म त थेप्चे पनि हैन म त मात्र नेपाली हजुर मात्र नेपाली । नेपाल आमा सधैंभरी हांसी रहे पुग्छ । करोडौंको हृदयमा वांचि रहे पुग्छ । नेपाल आमा तिम्रो जिउमा दाग नलागोस नेपालीका सवै संतान जातजातको भाग नलागोस बरु मलाई केही चाहिंदैन मात्र नेपाल भए पुग्छ । म मर्दानि हजुर मेरो छातीमाथी मात्र नेपाल लेखिदिए पुग्छ । म र मेरो भित्री मनको हृदय भन्नु हुन्छ भने

मनको कुरा भन्नु हुन्छ भने यही नै हो र आफ्नो मनको कुरालार्य आफै हृदउको विचारलाई हाम्रो देशको ऐतिहासिक र यो देशको नेतृत्व गरिरहेको हाम्रो सर्वोच्च नेताहरु हाम्रो पार्टी हामी सवैको सुझबुझका साथ जुन निर्णयमा हामी पुगेका छौं । मलाई लाग्छ यो सम्पूर्ण करोडौं नेपालीहरुले मन पराएको नाम हो प्रदेश नं.४ का सम्पूर्ण  जनताले  मन पराएको नाम हो गण्डकी र जो हामी छिट्टै यो घोषणा गर्दैछौं । तसर्थ यो कामहरु भोलीसम्म सक्ने छौं र यति विचार यहांहरुको सामने राख्दै र हामीले गर्न लागैको प्रदेशको नामाकरण गण्डकी प्रदेश जो हामी भन्दै छौं र यसमा मेरो आफ्नो पूणै समर्थन रहेको कुरा जानकारी गराउदै विदा हुन धन्यवाद ।

## माननीय सभामुख

माननीय श्री विष्णु प्रसाद लामिछानेलाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय श्री विष्णु प्रसाद लामिछाने

सभामुख महोदय, हामी आज अर्को एउटा ऐतिहासिक कदम चाल्दै छौं । हामीले आफ्नो प्रदेशको राजधानी तोकिसकेका छौं । हामी गर्वकासाथ यति वेला भनिरहेका छौं । हामी ४ नं. प्रदेश अहिले सम्म र हाम्रो राजधानी पोखरा भनेर भनेका छौं । मलाई लाग्छ हामी आजबाट यो महत्वपूर्ण विषय वस्तुमा छलफल गर्दै छौं । सायद भोली सम्मम हामीले हाम्रो प्रदेशको नाम पनि पाउने छौं । म यति वेला मुलुक संघिय संरचनामा गैसकेको अवस्था र एउटा प्रदेशको निर्वाचन पछि यसको नामाकरणको लागी यस ड्वयासमा उभि रहंदा म ती वीर सहिदहरु जसले संघियताको लागि  आफूलाई गुमाउनुभो, यो मुलुकको लागि आफूलाई गुमाउनुभो म ती सवै वीर सहिदहरु प्रति सम्मान गर्न चाहन्छु । हार्दिक श्रद्धान्जली अर्पण गर्न चाहन्छु । सम्मान व्यक्त गर्न चाहन्छु सम्झिन चाहन्छु । वास्तवमा त्यो आन्दोलन जुन आन्दोलनले हामीलाई यहांसम्म ल्याई पुर्‍याएको छ । त्यो आन्दोलनमा सवै नेपालीहरुको उत्तिकै योगदान रहेको छ । हामी ४ नं. प्रदेशका वासिन्दा यो ४ नं. प्रदेशका सवै जनजाति भाषाभाषि सवैको उत्तिकै महत्वपूर्ण  भूमिका रहेको छ । म त्यसैले ती सवै योद्धाहरु जसले मुलुकलाई यहांसम्म ल्याउनको लागी आन्दोलनमा होमिनुभो । म यो सवै बहु जाति बहुधार्मिक र बहुसांस्कृतिक मुलुक भाको हुंदा म ति सवै जातजातीहरुलाई पनि सम्मान व्यक्त गर्न चाहन्छु । हामी यो प्रदेशको नामाकरणको बारेमा छलफल गरिराखेका छौं । हामीले के नाम राख्ने भन्ने विषयमा हामीलाई एउटा समितिले प्रतिवेदन दिई सकेको छ । माननीय विन्दु थापाजीको समितिले वहांको संयोजकत्वमा बनेको एउटा समितिले हामीलाई प्रतिवेदन दिएकोछ । यो सम्मानित सदनलाई प्रतिवेदन बुझाएको छ यो आधारमा यो नामहरु उपयुक्त छ है

भनेर वहांहरुले प्रष्ट प्रस्ताव गर्नु भएको छ । बुझाउनुभाको छ । त्यसैलाई आधार मानेर हामी अगाडी बढ्न जरुरी छ भन्ने मैले ठान्दछु । नेपाली कांग्रेस कुनै पनि परिस्थितिमा सवै जातजातिलाई उत्तिकै सम्मान गर्न चाहन्छ। हामीले दलको वैठकले एउटा निर्णय गर्‍यौं । सवै जातजाति सवै भाषाभाषीलाई समेटने गरी सवैले अपनत्व महसूस हुने गरी नामांकन हुन जरुरी छ । जुन नाम मुस्ताङ्गमा वस्ने साथीहरु र तराईमा बस्ने त्यो थारुले पनि मेरो प्रदेशको नाम मेरो नाम मैले रोजको मेरो लागी बनेको नाम भनी अपनत्व महसूस गरोस भन्ने किसिमको सोच हुनुपर्छ र यो हामीले धेरै नाउंका बारेका छलफल गर्‍यौं । छानवीन गर्‍यौं, हेरयौं । यसो गर्दा राम्रो हुन्छकी उसो गर्दा राम्रो हुन्छ की अथवा पहिचानकै कुरा गर्दा पनि जातिय पहिचानका कुरा पनि आएका छन त्यसो गर्दा पनि हामीलाई लाग्यो त्यसो गर्‍यौं भने सवैले यो प्रदेशको नाममा अपनत्व महसूस गर्दैनकी भन्ने लाग्यो । त्यसैले एउटा निष्कर्षमा पुगयौं । सवैलाई अपनत्व हुनेगरी सवैले यो नाम हाम्रो लागी बनेको हो भन्ने गरी गण्डकी प्रदेश ठिक हुन्छ भन्ने हामीले निर्णय गरेका छौं । कांग्रेसको संसदीय दलले यो निर्णय गरिसकेको हुंदा म यसको बारेमा धेरै व्याख्या गर्नुपर्छ भन्ने मलाई लाग्दैन । हमी पहिचानका कुरा गरिराख्दा पहिचान भन्या के पहिला त पहिचानको परिभाषित हुनु जरुरी छ ।

परिभाषा के हो हामीले जातीयताको आधारमा मात्रै पहिचान हो ? व्यक्तिगत नाममा मात्रै पहिचान हो ? भूगोलको नाममा पहिचानको ऐतिहासिक सवै पहिचान भित्रै पर्छ कुनै न कुनै एउटा पहिचानको जरुरी छ र मैले गण्डकीको बारेमा व्याख्या गरिन । यतिवेला किनभने पूर्वक्ता माननीयज्यूहरुले गण्डकीको बारेमा व्याख्या गरि सक्नुभाको छ । म त्यतातिर जान्न मलाई के लाग्छ भन्दा गण्डकी एउटा नदीको नाम मात्रै होइन गण्डकी एउटा सभ्यता पनि हो । हामी गण्डकीको काखमा वस्नेहरुको आफ्नै किसिमको सभ्यता छ । चाहे त्यो मुस्ताङ्गमा बस्ने हो अथवा त्रिवेणीमा बस्ने किन नहोस त्यसैले यो एउटा सभ्यता हो यो एउटा कुनै जाति विशेषको, व्यक्ति विशेषको एउटा  कुनै ठाउं विशेषले चिनाउने मात्रै होइन् त्यसैले यो गण्डकी सभ्यताभित्र हामी छौं । यो गण्डकी सभ्यताभित्र हामी छौं भनेर हामीले गर्वका साथ भन्न सक्ने ठाउंहरु छन ती गर्व गर्न सक्ने ठाउंहरु व्याख्या भई सकेको छ । त्यसैले पनि यो प्रदेशको नाम गण्डकी प्रदेश नै उपयुक्त हुन्छ भन्ने मलाई लाग्छ । हामी यो प्रदेशलाई नमुना प्रदेश बनाउने भनेका छौं । अरु प्रदेश भन्दा प्रतिस्पर्धा होइन हामीले अरु भन्दा राम्रो गराउने प्रतिस्पर्धा भन्दानि हाम्रो राम्रो गराउने भनेका छौं ।

४ नं. प्रदेशलाई राम्रो बनाउने भनेका छौं । त्यो ४ नं. प्रदेशलाई राम्रो बनाउनको लागी सवै जातजाति, भाषाभाषि, धर्म, संस्कृति सवैको सहयोग उत्तिकै आवश्यक छ । हामी कहीं कतै अलिकति पनि गल्ती गर्‍यौं भने त्यो गल्तीले हामीले जुन कल्पना

गरेका छौं जुन सोच गरेका छौं त्यो ४ नं. प्रदेशलाई राम्रो प्रदेश बनाउने त्यो परिस्थिति चाहीं नहुन सक्छ । त्यसैले हामीले कहिंकतै राजनीति गर्ने ठाउंमा राजनीति गरौं । राजनीति गर्ने हो गर्नुपर्छ राजनीति तर राम्रो कामको लागी राम्रो हो भन्न सक्ने परिस्थितिको सिर्जन ।गर्न जरुरी छ । त्यसैले मैले हिजो राजधानीको नामांकन जुन हिसावले राजधानीको केन्द्र नाम जुन हिसावले सर्वसम्मत रुपमा हामीले पोखरा भनेर गऱ्यौं । अघि माननीय कृष्णजीले भन्या जस्तै हामी सवै यतैतिर लाग्यों । यो गण्डकी प्रदेशको नाम गण्डकी कायम गर्नका लागी पनि हामी तं र म नभनीकन, यो र त्यो दलको कुरा नगरीकन मेरो मुद्धा र तेरो मुद्धा नभनीकन सवै एकमत भएर एक ढिक्का भएर गण्डकी प्रदेशै तपाई हामी सवैको हाम्रो प्रदेश हो र राम्रो प्रदेश बनाउनु छ भन्ने मान्यताका साथ यसैलाई समर्थन गर्न सवैलाई माननीयज्यूहरुलाई हार्दिक अनुरोध गर्दै विदा हुन्छु । धन्यवाद । जय नेपाल ।

## माननीय सभामुख

माननीय श्री विनोद के.सी.लाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय विनोद के.सी.

सभामुख महोदय, सर्वप्रथम हामी यस ऐतिहासिक क्षणमा छौं जुन नामाकरणको विषयमा हामी संघियताको कार्यान्वयन गर्ने पक्षको नामांकनको विषयमा छौं र यो नामांकन गर्दे गर्दा मैले ती महान सहिदहरु ती वीर सहिदहरु जो संघियताको पक्षमा जो धर्म निरपेक्षताको पक्षमा जो समानुपातिक समावेशीताको पक्षमा डटेर लडे, आफूले हेर्दै गर्दा छातीमा गोली थाप्दै लडे सायद ती महान सहिदहरु आज कुन ठाउंमा छन उनीहरुले हेरिरहेका होलान बुझिरहेका होलान सायद ती त्यतिवेला गर्दै गर्दा त्यतिवेला आफू ढल्दै गर्दा सायद ती आतंककारीको नाममा मरेका थिए । सायद त्यतिवेला देशको एउटा विद्रोही एउटा चाहिं उसको रुपमा मरेका थिए र हामी अलिकति राजनीतिक चेतन कम हुंदै गर्दा पनि राजनीतिक कुरा अलिकति बुझ्दै गर्दा पनि सायद यो संघियता भन्ने कुरो गलत होकी यो संघियता खास गलत ठाउंमा लडेका हौंकी भन्ने हाम्लाई अनुभूति हुन्थ्यो । तत्कालिन वेलामा सायद संघियताको पक्षमा लडदै गर्दा टाउको झोलामा लिएर आएर पैसा लिएर जाउ भन्दै गर्दा पनि त्यो संघियताको जुन खालको आन्दोलन हो समावेशीको जुन आन्दोलन हो रोकिएन र आज ठिक ठाउंमा आज मलाई धेरै खुशी लाग्छकी आजको यो संघियताको जस लिने कराहरुमा हामी सवै पार्टीहरु एक ठाउंमा छों । संघियताको जुन मर्म बोक्ने कुरामा एक ठाउंमा छौं । यस कुरामा मैले धेरै वक्न चाहदिन । यतिमात्र के भन्न चाहन्छु भने आज नेपालमा अव नामका पछाडी धेरै कदेर हामी धेरै समय वर्वाद गरयौं । अघिल्लो अघिल्लो संविधान

सभामा झैं धेरै खालको मनमुटावले गर्दा त्यो ४ वर्ष हामी धेरै हामी वर्वाद गरयौं । यी धेरै कारणहरुबाट हामीले पाठ सिकेर पनि के चाहन्छौं भने यो देश नामले मात्रै अथवा भूगोलले मात्रै विभाजित गरेर हुंदैन ।

हिजो एउटै राजा, एउटै संस्कृती, एउटै देश सवै एउटै हो भन्ने बुझाई थियो भने आज यो देशमा विविध भाषा र विभिन्न धर्म छ, विविध संस्कृति छ । विविधको जातिको एउटा फुलवारी हो भन्ने कुरा हाम्ले साझा रुपमा लिई सकेका छौं । तत् अनुरुप आज एउटा प्रदेशको नामांकन गर्ने विषयमा हमी गई रहेका छौं र यहां मेरा पक्कै पनि हाम्रो कम्युनिष्ट पार्टी जुन नेपाल कम्युनिष्ट पार्टीले प्रदेश नं.४ को हाम्रो संसदीय दलले एक मतका साथ हामी विचारमा आफ्ना लागेका कुराहरुमा कोहिले आफ्ना दृष्टिकोणहरु राख्ने क्रममा राख्यौं कसैले आफैलेझैं अग्लो हिमाल देख्यौं । कसैले कसैले गण्डकी भन्यौं, कसैले गण्डकी देख्यो कसैले तमुवान भन्यो, कसैले मगरात भन्यो अत विभिन्न खालका कुरा राख्दा विचारमा विविधता हुंदाहुंदै पनि र साझा नाम नभैकन यो प्रदेश अगाडी चल्दैन । जसका लागी दुई तिहाई नै चाहिन्छ ।दुई तिहाई गर्नलाई सवैको संयुक्त नाम भनेको उपयुक्त नाम भनेको सवै भाषा, सवै संस्कृति, सवैको अपनत्व हुने भनेको एउटा मात्रै नाम गण्डकी जुन प्रदेश हो यसमा हामी सर्वुम्मत विन्दुमा पुग्यौं । मलाई अघिनै हाम्रा मन्त्रीज्यूहरुले पनि यस वारेमा प्रष्ट पारिसक्नु भएको छ । यो गण्डकी प्रदेशनै अहिलेको वास्तवमा मुख्य नाम सर्वसहमति नाम हो । यसमा हामी कसैको द्विविधा हुन्छ जस्तो मलाई लाग्दैन । म यतिमात्र के भन्न चाहन्छु भने अव हामी अगाडी बढने क्रममा अव हामीले देख्ने क्रममा अव समृद्धिको सपना हो अव हाम्ले प्रदेश नं.४ लाई कसरी समृद्धिमा लैजाने हो । प्रदेश नं.४ को जनताहरुलाई हामीले के कस्ता विकासका कामहरु गरि दिनेछौं । जनताहरुलाई सन्तुष्टि बनाउने हो । यहांनिर हाम्रो दृष्टिकोण बढी जान आवश्क छ । ती जनताहरुको चाहनाहरुलाई हामीले पूरागर्नु पर्ने नै छ ।  त्यसभन्दा पनि अव हामी दृष्टिकोणबाट हामी अगाडी बढनु पर्ने भएको हुनाले नामको विषयमा मलाई लाग्छ । हाम्रो सर्वसहमती नेपाली कांग्रेस अव नेपाल कम्युनिष्ट पार्टी अथवा राजमो सवैको एकमत भैसकेको हुनाले मलाई लाग्छ यसमा धेरै छलफल गर्नुपर्छ जस्तो मलाई लाग्दैन र यो कुरानै मेरो राय हो भन्दै म गण्डकी प्रदेश नै सवैभन्दा उपयुक्त नाम हो भन्दै मेरो भनाई अन्त्य गर्छु । हस्त धन्यवाद नमस्कार ।

## माननीय सभामुख

माननीय श्री ईन्द्रलाल सापकोटालाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय ईन्द्रलाल सापकोटा

माननीय सभामुखज्यू, आज हामी अत्यन्तै महत्व्पूर्ण विषयमा छलफलमा प्रवेश गरिरहेका छौं । हामी मुलुकलाई संविधानत संघियताको बाटोतर्फ अघि बढाई रहँदा हामी सवैलाई थाहा छ अत्यन्तै पेचिलो प्रश्नको रुपमा नामाकरणको विषय उठ्यो । राजधानीका विषयहरु उठे, पहिचानका मुद्धाहरु उठे र अत्यन्तै पेचिलो र घनिभूत ढंगले संविधान सभा भित्र ती विषयहरुले प्रवेश पाए र कतिपय मुद्धाहरु संविधान सभाले निरुपण गर्न कठिनाई पैदा भो । जसको कारण यतिवेला यो सार्वभौम प्रदेशसभा प्रवेश गरिरहेको छ । संविधानले प्रत्याभुत गरेको अधिकारलाई प्रयोग गर्दै यतिवेला हामी राजधानीको टुङ्गो लगाईसकेका छौं र आज नामाङ्कनको विषय प्रवेश गरेको छ । यो ऐतिहासिक क्षणमा मैले केही विगत सम्भिmनु पर्छ भन्ने लाग्छ यो मानेमा विगत सम्भmनु पर्छ । विगतमा  भएका आन्दोलनका प्रारुपहरु जनयुद्ध होस्, शसस्त्र विद्रोह होस् चाहे शान्तिपूर्ण आन्दोलन होस तिनले उठाएका मुद्धाहरु कुनै न कुनै रुपमा हाम्ले यतिवेला यो ड्यासमा, यो मन्चमा सम्भmीनु पर्ने देखेका छें । एकात्मक सामन्ति व्यवस्थाले यो मुलुकमा वर्गिय विभेद मात्र गरेन यो मुलुकमा जातिय विभेद गर्‍यो, भार्षिक विभेद गर्‍यो, भौगोलिक विभेद गऱ्यो यो मुलुकका पछाडी परेका जाती समुदायहरुको समुचित प्रतिनिधित्व गर्न सकेन भन्ने कुरा विभिन्न चरणमा भएका सवै आन्दोलनहरुले स्वीकार गरे त्यो तितो सत्य हो । त्यसकारण हामी यहाँ उभिरहंदा देव्रे होस् वा दाहिने अतिवाद देखि हामी ठिक निष्कर्षमा उभिनु पर्छ । हामी ठिक निष्कर्षमा उभिरहंदा सत्य कुरा के हो भने नेपाली समाजमा एकात्मक सामत्ती व्यवस्थाको यतिवेला अन्त्य भएको छ । मैले संविधानको प्यारा प्रस्तावनाको तेश्रो हरफ मैले यहांहरुको विचमा पढन चाहन्छु । जस्ताको तस्तै वास्तवमा नेपालको संविधान २०७२ को प्रस्तावनाको तेश्रो प्यारामा भनिएको छ । सामन्ती निरंकुश एकात्मक व्यवस्थाले सिर्जना गरेका सवै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै बहुजातिय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधता विचको एकता, सामाजिक सांस्कृतिक एक्यवद्धता, सहिष्णुता र सदभावलाई संरक्षण एवं प्रवद्धन गर्दै वर्गिय, जातिय, क्षेत्रीय, भाषिक,धार्मिक, लैङ्गिक विभेद र सवै प्रकारका जातिय छुवाछुतका अन्त्य गरी आथिक समानता समृद्धि र सामाजिक न्यायमा आधारित नेपली समाजको निर्माण गर्ने र प्रस्तावनाले परिकल्पना गरेको छ । यतिवेला हामी प्रदेश नं.४ बहुधार्मिक छ, बहुभाषिक छ, बहुजातिय छ, बहु भूगोलमा आधारित छ अथवा विविधतायुक्त भूगोलमा आधारित छ । यतिवेला स्वभाविक ढंगले हामीले राख्ने नाम सवै जातिका निम्ति, सवै भाषाभाषिका निम्ति, सवै भूगोलमा बस्ने मानिसहरको निम्ति अपनत्व ग्रहण गर्ने किसिमको हुनुपर्छ । हामीले यो संसदले यो आयोग बनायों । सुझावका निम्ति

संसदीय समिति बनायौं । त्यो संसदीय समितिले प्रस्ताव गरेका नाम बाहेक पनि बाहिर हामीले गण्डकी प्रस्ताव भएको छ । तमुवान मगरात प्रस्ताव भएको छ, गोर्खा प्रस्तावित छ, धौलागिरी प्रस्तावित छ, म धौलागिरीको काखबाट बाग्लुङ्गबाट प्रतिनिधित्व गर्ने सांसद मलाई सवैभन्दा प्यारो धौलागिरी लाग्छ । यहां गण्डकीमा बसोबास गर्ने साथीहरु निम्ति सवैभन्दा प्यारो गण्डकी लाग्छ होला । कतिपय साथीहरुले सवैभन्दा प्यारो गण्डकी तमुवान लाग्छ होला । अलि धौलागिरी र म्याग्दीतिर जानु भयो भन्के मगरात सवैभन्दा प्यारो लाग्न सक्छ होला हामी यिो बहुभाष भित्र, बहुधर्मभित्र, बहुसंस्कृतिभित्र यो भूगोलको विविधता भित्र सवैले मान्य हुने साझा पहिचान के हुन सक्छ ? धेरै साथीहरुले गण्डकीको बारेमा परिभाषित गरिरहनु भएकोले मैले त्यता जान चाहन्न ।

वास्तवमा थोरै मात्रै यो गण्डकीको सन्दर्भमा नेपाल अधिकाराज्यको पूर्वमा नुवाकोट गल्खु भन्जयाङ्गदेखि दक्षिण नवलपुरको त्रिवेणीसम्मको उच्च हिमाली प्रदेश मध्यपहाडी श्रृङखलाको वेसी, टार तराइका मैदानलाई सप्त गण्डकी पवित्र जलले अविसिंचित गरेको छ । यही भुभागलाई हामी गण्डक क्षेत्र या गण्डकी क्षेत्र भन्ने गर्छौं । धौलागिरीतिर जानुभो भने पनि यही सप्त गण्डकीले सिंचित प्रदेश क्षेत्र भित्र हामी छौं । पुरानो गण्डकी भित्र आउनु हुन्छ भने पनि हामी यही गण्डकी क्षेत्रभित्र सिंचित भुभाग क्षेत्रभित्र छौं ।

त्रिवेणीदेखि मुस्ताङ्गसम्मका सवै जनसमुदायले अपनत्व गर्ने ग्राह्य नाम गण्डकी हुन सक्छ यो मानेमा हाम्रो पार्टी नेपाल कम्युनिष्ट पार्टीको संसदयि दलले गण्डकी नामाकरण गर्नु नै सवै जाति सवै भाषाका निम्ति साझा पहिचान हुन सक्छ भन्ने हामी निष्कर्षमा पुग्यौं । एउटा मित्रले अघि राख्नु भो म यो संसदबाट विनम्रतासाथ आग्रह गर्न चाहन्छु । जो मित्रले प्रस्ताव गर्नु भएको छ मेरो दावा छ उहां संसदीय कार्यदल भित्र हुनुहुन्छ वहांले तमुवान, मगरात नामाकरण प्रस्ताव गर्दा आफू स्वयं हुनुहुन्छ । धौलागिरी र गोर्खा प्रस्तावमा आफू स्वयं सही गरेर उपस्थित हुनु भएको छ । अनि आज वाहिर उठेका आवाजहरुलाई सस्तो लोकप्रियताका निम्ति यस्ता विषयवस्तु संसदमा उठाएर साझा अपनत्वलाई विमेलतिर लाने विषय वस्तुलाई भडकाउने यो दिशातिर प्लिज कृपया यो काम नगरौं । मैले फेरी पनि दोहोर्‍याएर भन्न चाहन्छु तमुवान मगरात हो भने वहांले त्यो तमुवान मगरातमा किन अडिन नसक्ने ? हिम्मत गरेर आउनु पर्‍यो मेरो तमुवान मगरात प्रति समर्थन छ । गण्डकी तमुवान हो भने गण्डकी तमुवान भनेर आउन किन नसक्ने ? गण्डकी आएपनि ठिकै छ तमुवान आएपनि मैले उठाएको तमुवान मगरात आएपनि मैले उठाएको यस्ता कुरा गरेर कहिं पुगिंदैन । हाम्रो पनि एउटा साझा चिन्ता के हो भने यो मुलुकमा पहिचानका निम्ति धेरै लडाई भएका छन । खोलो बगेका छन तर नाममा मात्रै पहिचान होकी होइन ?

भाषा पहिचान होकी होइन ? संस्कृति पहिचान होकी होइन? अधिकार पहिचान होकी होइन ? मलाई लाग्छ यो संविधानले प्रत्याभूत गरेको छ । हामी धर्मको एकदलियता तोडेर धर्म निरपेक्षतालाई स्वीकार गरेका छौं । जाति विशेषको एक पक्षधरलाई तोडेर यतिवेला हामी समाबेशी, समानुपातिक प्रतिनिधित्व प्रणालीलाई ग्यारेन्टी गरेका छौं । यो संसद भित्रका साठी जनाको अनुहार पढनु भयो भने । सवै जाती, सवै भाषा, सवै लिङ्गको समुचित प्रतिनिधित्व त्यही संविधानले गरेर हामी उपस्थित भएका छौं । त्यतिमात्र होइन यो

( **सभामुख माननीय सदस्य समय सकियो** )

तमुवान आरिजन क्षेत्र हो । त्यो बाहेक थुप्रै भाषाभाषीहरुको पनि यहां बसोवास छ । त्यसकारण संविधानले प्रत्याभुत गरेका सवै भाषा-भाषीको अपनत्व ग्रहण गर्दै सवैलाई उपयुक्त हुने समृद्धिको दिशातर्फ जाने

( **सभामुख माननीय सदस्य समय सकियो** )

नाम गण्डकी हुन सक्छ भन्ने कुरा विदा हुन चाहन्छु । हस् धन्यवाद ।

## माननीय सभामुख

माननीय श्री भागवनत प्रकाश मल्ललाई छलफलमा भागलिन समय दिन्छु ।

## माननीय भागवत प्रकाश मल्ल

माननीय सभामुख महोदय, हामी अत्यन्तै महत्वपूर्ण विषयको छलफलमा छौं । संविधान कार्यान्वयन गर्दै संघियता संघिय लोकलान्तिक गणतन्त्रलाई संस्थागत गर्न हामी सवैको कर्तव्य हो भन्ने मलाई लाग्दछ । प्रदेशको नामाकरणको विषयमा म आफैमा महत्वपूर्ण छ । प्रदेशका गाउंका बारेमा गहन छलफल गर्दै गर्दा हामी बहुजाति, बहुसांस्कृतिक र बहुधार्मिक प्रदेशका वासिन्दा हौं भन्ने हेक्का रहेमा निष्कर्षमा पुग्न सजिलो हुन्छ। सभामुख महोदय लोकतन्त्रलाई मजबुत बनबाउंदै परिवर्तनको स्वाद आम नागरिकलाई चखाउन हामीले हाम्रो समाजमा संस्कृतिको संरक्षण सर्म्वदन तर्फ उत्तिकै सजगता अपनाउन पर्दछ । मौलिकता अत्यन्त मार्मिक विषय हो भन्ने कुरा ख्याल हामीमा हुनै पर्दछ । प्रदेशको नाउंमा प्रदेशमा थप उत्साह पैदा हुने र राष्ट्रिय एकतामा वल पुग्ने विषयको खोजिमा सिङ्गो सदनले अर्जून दृष्टिका साथमा वहस गर्नुपर्ने मेरो राय छ । सभामुख महोदय, लोकतन्त्रले नाममा भन्दा काममा महत्व दिन सकेमा मात्र समृद्ध तर्फको यात्रा सहज हुनेछ । साविकको गण्डकी धौलागिरी र पूर्वीनवलपरासी मिलेर बनेको सुन्दर प्रदेशको नामाकरण हामी वीच एकताको जोड दिन देख्दछु ।

सभामुख महोदय, शालिग्राम पानीले एकमात्र नदी काली गण्डकी महत्व विश्व प्रसिद्ध छ । प्रसिद्ध छंदैछ । काली गण्डकी, त्रिशुली, बुढी गण्डकी, दरौंदी, मर्सयाङ्गदी नदी र

सेती मिलेपछी बन्ने सप्त गण्डकी ईतिहास, बर्तमात्र र भविष्यको शक्ति हो । प्रकृतिको धनी हाम्रो देशमा हामी मुक्तिनाथदेखि देवघाट त्रिवेणी सम्म जताततै गण्डकी गण्डकी देख्छौं र सम्पत्ति र सम्पदाका दृष्टिले सप्त गण्डकी क्षेत्रको महिमा र महत्व वरादीत छ । गण्डकीहरु सवै जात, धर्म र संस्कृति र मानिएका साझा सम्पत्ति हुन । गण्डकी चलायमान नदीहरु हुन । गण्डकी वासीको जीवनसंग जोडिएका जीवनरेखा हुन। हाम्रो प्रदेशका अल्प संख्यक र अल्पविकसित माझी,बोटे, गन्धर्व, दराई, कुमाल, तराईका दाजुभाई दिदिवहिनी हरुका अभियान जस्तै हुन गण्डकी तसर्थ सभामुख महोदय, साझाविचार, साझ भावना, साझा ईतिहास र सम्मानित भविष्यका लागी हाम्रो प्रदेशको नाउं गण्डकी प्रदेश राख्न सभामुख महोदय मार्फत अनुरोध गर्दछौ र समर्थन गर्दै । हस्त धन्यवाद । जयनेपाल ।

## माननीय सभामुख

माननीय श्री धनन्जय दवाडीलाई छलफलमा भागलिन समय दिन्छु ।

## माननीय श्री धनन्जय दवाडी

सभामुख महोदय, संविधानको धारा १९५ अन्तर्गत यसको नामाकरण सन्दर्भमा छलफलमा छौं। बहसमा छौं। हामीले प्रदेश राजधानीको टुङ्गो लगायौं। सहमतीका सासथ टुङ्गो लगाई सकेका छौं र आज यो छलफलमा छौं । छलफलको समाप्तीसम्म आशा गर्छु हामी विच सहमती हुनेछ र हामी एउटै नाममा निष्कर्षमा पुग्ने छौं । कम्युनिष्ट पार्टीको संसदीय दलले गण्डकी नामाकरण गर्न प्रस्ताव गरेका कारण र म त्यो दलका सदस्यका हिसावले त्यो नामप्रति समर्थन गर्दछु । आफ्ना समर्थनका मतहरु जाहेर गर्दछु । ईतिहासका केही यस्त तथ्यहरु छन । जुन प्रदेश अहिले हामीले गण्डकी प्रदेश भनिरहेका छौं । ४ नं. प्रस्तावित गरिरहेका छौं । ४ नं. प्रदेशका सदस्य भएका छौं । यो प्रदेशलाई राज्यको पुनसंरचना सम्वन्धमा मगरात अलिकति जडान अलि थोरै शेषान्त पनि टुक्रयाएर ४ नं. प्रदेश बनाईएको छ । ईतिहासमा हामीसंग मगरात थियो । हामीसंग जडान थियो । हामीसंग शेषान्त थियो । जडान माथिल्लो हिमाली भेगलाई हामी जडान भन्थ्यौं । शेषान्त हामीसंगै थियो । जहां गुरुङ्ग, तामाङ्गहरको बसोबास थियो । हामीसंग मगरात थियो । अठार मगरातको हामीसंग ईतिहास थियो । यो समृद्धिको ईतिहास यो हाम्रो सभ्यता यो सभ्यतालाई निरन्तर एक आपसमा जोडिरहन्थ्यो भने गण्डकीले जोडिरहन्थ्यो । गण्डकीका सुसेलीहरुले जोडिरहन्थ्यो र हाम्रा गौरवगाथाहरुले जोडि रहन्थे । यो ऐतिहासिकताको हिजोको भूगोललाई आज हामीले जस्ताको तस्तै नपाए पनि आज हीसंग त्यसका हामीसंग केही समृद्धिका आधारहरु छन। तिनै आधारमा टेकेर यो प्रदेशको नामाकरण गण्डकी गर्नुपर्दछ  भन्ने मान्यता राख्दछु । त्यो

मान्यतालाई त्यो भनाईलाई म समर्थन जनाउन चाहन्छु । हामीसंग यो प्रदेशमा सवैभन्दा अग्लो हिमाल छ धौलागिरी, सवैभन्दा होचो ठाउं छ त्रिवेणीको सुस्ता। हिमाल छ, पहाड छ र तराई छ हाम्रा वीच । हामीले खोज्ने सम्पन्नता हामीले खोज्ने समृद्धि हाम्ले गर्ने आर्थक बृद्धि विकास डा. हर्क गुरुङ्गले भने जस्तै हिमाल, पहाड र तराईको वीचको विकासको रेखा कोरेर मात्रै हामीले समृद्धि प्राप्त गर्न सक्छौं भनेर डा.हर्क गुरुङ्गले यसअघि भनि सक्नु भएको थियो जुन त्यो यहि प्रदेशको उपज हुनु हुन्छ । डा. हर्क गुरुङ्गका भनाईहरु तथ्यहरुका आधारमा हीले संघियताका सन्दर्भमा यसका नामाकरणका सन्दर्भमा धेरैले ज्ञानहरु प्राप्त गर्न सक्छौं । नेपालको एकीकरण हामीले  यहींबाट गरेका थियौं । पृथ्वीनारायण शाहले त्यो अभियानको नेतृत्व गरेका थिए ।  भाषिक एकिकरण यहींबाट गरेका थियौं । नेपाली भाषाको सन्दर्भमा भानुभक्तले यहींबाट प्रारम्भ गरेका थिए । कवि शिरोमणि लेखनाथ र माधव घिमिरे राष्ट्र कवि पनि यही प्रदेशका उपजहरु हुन । विश्वको मुर्धन्य विद्धान दुनियांले नाम सुन्दा पनि नतमस्तक गर्ने विद्धान हुन डा.हर्क गुरुङ्ग जसले निरन्तर यो क्षेत्रको समृछि यो क्षीत्रको पर्यटन यो क्षेत्रको भुगोलको बारेमा आफ्ना लेखनीहरुका माध्यमबाट दुनियांलाई प्रकाश पर्दौ रहे । यहां हामीले झलकमान गन्धर्वको पनि गण्डकीकै गाथा गाईरहे  । जव जगमान गुरुङ्ग पनि हाम्रा विचकै तिै कुरा गर्नु भो । धर्मराज थापा भूपि शेरचन विमा कुमारी दुराका सुसेली र गितहरुले ती कुरालाई प्रतिनिधित्व गर्छ । कृष्ण गुरुङ्गका संगितले पनि यसको प्रतिनिधित्व गर्दछ । झलक थापाका पर्यटनका गाथाहरुले र खड्ग गर्बुजाका गानाहरुले पनि यो गण्डकीको महत्वलाई अगाडी लान्छ । मैले यी सवैकुरा किन उठाए भने हामी यो संस्कृति भनेका संस्कार होइन संस्कृति होईन संस्कृति हाम्रो जीवन शैलाी हो र गण्डकीमा हाम्रो जीवन शैली छ । यो जीवन शैली भनेको लिखित शास्त्र हौइन कहीं खोजेर भेटिने चीज होइन । यो स्थानिय भुगोल र ईतिहास हो । यो हाम्रो जीवनशैली हो । यसैले यो जीवनशैली हामी सवैको साझा पहिचान हुन सक्छ । सवैले विकास गरेको सवैले समृद्ध बनाएको सवैको जातमा, धर्ममा सवै क्षेत्रमा सवै क्षेत्रमा भुगोलमा सवै हामीले फरक फरक ढङ्गले यसलाई समृद्ध बनाएका  छौं । हाम्रा आर्जनहरु हाम्रा लोकगीत हुन । लोकगीतका प्रत्येक शव्दहरुलाई केलायौं भने धेरै ऐतिहासिक तथ्यहरु हामीले भेटछौं र हरेक भाकाहरुमा यहांका सन्दर्भहरु हामीले भेटने गर्छौं । हामीसंग प्रकृति पुजकहरु पनि छन यो प्रदेशमा हामीसंग हामी सुमीलाई सवभन्दा पवित्र ठान्छौं । छुमी झोले र ईलामपोखरीका पानीहरु एकै ठाउंमा वग्छन ती वग्ने नही हो गण्डकी । यस कारण यस भुमिमा वगाएका पसिनाको लेपमा वगाएका पसिनाहरु पुजेका थाक थलो र देउरालीहरु इलामपोखरीमा पुजेका थाकथलो र देउरालीहरु र भाकलहरु सवैले ती कुराको प्रनिनिधित्व गर्दछ । गण्डकीको समृद्धि र गण्डकीको विकासका कामहरु गर्नुपर्दछ । यसकारणले गण्डकी एउटा लय हो । गण्डकी

एउटा गति हो । गण्डकी पानी हो यो वग्छ । धेरै मान्छे भन्छन पानी तलतिर वग्छ यो एउटा चीज हो तर यो नविर्सौं पानीले आफ्नो बाटो आफै निर्माण गर्छ । त्यसकारण गण्डकीमा वगेको पानीले समृद्धिको एउटा सतह समान सतह निर्माण गर्छ । अग्लो होचो ठान्देन उसले । सवैतिर बराबरी सिर्जन ागर्ने गुण पानीसंग हुन्छ । यसकारणले गण्डकीमा कुनै भेदभाव, कुनै विविधता, कुनै हेला होचो हुन्न भन्ने कुराको साझा पहिचान भएका कारणले यो नै उपयुक्त पहिचान हो भन्ने ठान्दछु । उपयुक्त नाम राख्न जरुरी हुन्छ भन्ने ठान्दछु । पृथ्वी नारायण शाहले गरेको एकिकरण राजनीति थियो । भाषाका हिसावले गरिएका एकिकरण भाषिक हुन । तर अहिले हामीले समृद्धको एकीकरण गर्नु छ । समृद्धिले नेपाललाई एक बनाउनु छ । यस कारण सामाजिक, आर्थिक एकीकरण अहिलेको प्रमुख आधार हो । सामाजिक आर्थिक एकिकरण गर्नका लागी हाम्रा सभ्यताका ज्ञानहरु हामीले प्राप्त गरेर हाम्ले उपजहरुका वीच हामीले खोज्नु पर्छ । हिमालबाट, पहाडबाट, तराईबाट । हामीसंग सौभाग्यशाली भूगोलका हिसावले तराईको जमीन अलि थोरै होला तर त्यसलाई उपयोग गरयौं भने पहाड र हिमालका समृद्धि सहज ढंगले प्राप्त गर्न सक्छौं । बहुजाति, धर्म र संस्कृति भएको प्रदेश हो । यो प्रदेश यहां जातको धेरै छन धेरै जातका मान्छेहरु यहां भेटन सक्छौं । नेपालको अरु प्रदेशमा नभएका दुराहरु हामीसंग छन, हामी संग बरामहरु छन । ाधेरै जातका मान्छेहरु भएका कारणले हामीसंग साझा संस्कृति छ । यसको सानो उदाहरण राखेर म आफ्नो कुरालार्य टुङ्गयाउन तर्फ लाग्दछु । पाङ्गदेव भनेका शिव हुन । पाङ्गपर्वतमा पर्छ, पाउंदीटारलमजुङ्गमा छ । मगरमा पाउदुरे जांड हुन्छ । खुदोको नाम पाङ्गदुरे हुन्छ । तामाङ्गहरु जांडको भांडालाई पंग भन्छन । लोकनाच पनि छ पाउदुरे यसको उत्पत्तिकर्ता शिव हुन । मगरहरुले यसको विकास गरे । त्यसकारणले हामीसंग शिवको नृत्यको नाम पाङ्ग यसरी जाडिएका छौं । हामी गुजुल्टिएका छौं । छुट्याउन सक्दैनौं । यस कारण यो जातको फरक यो धर्मको फरक, यो संस्कृतिको फरक भन्न सक्दैनों । हामी एक आपसमा गुजुल्टिएर संस्कृतिको विकास गरेका छौं । गण्डकी हाम्रो साझा चौतारी हो हिमालबाट माथिबाट मंगोलहरु आए । आर्यहरु आएर यहिं भेटिएको मुख्य थलो चाहीं गण्डकी हो यसमा यसपछि आर्यन यहांका मंगोलहरु ब्रम्हपुत्रसम्म तल गएका छन । आर्यहरु हिमालसम्म कस्मीरसम्म फैलिएका छन । यसरी यो साझा भएको कारणले साझा संस्कृति भएका कारणले गण्डकी हामी सवेको साझा पहिचान, साझा गुण, साझा नाम हुन सक्छ यसैलाई हामीले सवैको नामका हिसावले अगाडी लैजान सक्छों भन्ने विश्वास राख्न चाहन्छु । बुद्धले एक ठाउं भन्नुभाछ जात हैन आचरण सोध भन्नु भएको छ । यसकारण आज हामीले आचरणको कुरा गर्नु पर्‍याछ । विधिको कुरा गर्न पर्‍याछ ।
संस्कृतिका कुरा गर्नु पर्‍याछ र हाम्रा विचमा भएका विविधका वीच साझा चौचारीको

खोजी गर्नु पर्याछ । यो साझ चौतारी गण्डकी हो भन्ने म यहां सवैलाई आग्रह गर्न चाहन्छु । अनुरोध गर्न चाहन्छु । सवैको साझा सहमती हुनेछ भन्ने विश्वास व्यक्त गर्न चाहन्छु र यहांहरुबाट मैले एउटा शव्दलाई राख्दै आफू विदा पनि चाहन्छु । पछिदले भन्न चाहन्छु, छिजलो भन्न चाहन्छु, झोर्ले भन्न चाहन्छु झोर्लाछ भन्न चाहन्छु, फ्याफुला भन्न चाहन्छु । नमस्कार, धन्यवाद ।

## माननीय सभामुख

माननीय श्री विन्दु कुमार थापालाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय विन्दू कुमार थापा

माननीय सभामुख महोदय, आज हामी ४ नं. प्रदेशको नामाङ्कन सम्वन्धमा छलफल गर्दैछौं । अस्ति मात्रै यही आषाढको १८ गते हामीले प्रदेशको स्थायी राजधानी तोक्ने सम्वन्धमा निर्णयमा पुगि सकेको अवस्था छ । त्यसमा पनि यही प्रदेशको सभाले गएको चैत्र १२ गते एउटा प्रदेशको राजधानी र नामाङ्कन तोक्ने समिति गठन गरेको थियो र त्यो समितिले ७० दिन लगाएर आफ्नो प्रतिवेदन पनि पेश गरेको यहांहरु सवैलाई जाहेरै छ । त्यसकै समितिले सिफारिश गरे अनुसारनै अस्ति हामीले १८ गते सर्वसम्मत हिसावले प्रदेशको राजधानी तोक्न हामी सफल भएका छौं र आज यो हामी सम्मानित सभाको ऐतिहासिक मोडमा रहेका छौं र यो प्रदेशको नामाङ्कन गर्ने विषय धेरै बहु प्रतिक्षित र धेरै जनताहरुले चाहिं प्रतिक्षारत गरेको विषय पनि हो अव यसको नाम के रहला ? के हुंद्या खेरी उपयुक्त हुन्छ भन्ने धेरै विचार विमर्शहरु भैराखेका छन  र हामी छिटै यसको निर्णयमा पुग्ने छौं र यो हाम्रो पार्टी नेपाली कांग्रेसले यो प्रदेशको नाम गण्डकी प्रदेश हुनुपर्छ भनेर लिखित रुपमा आफ्नो राय दिईसकेको अवस्था छ र हिजो मात्रै नेपाल कम्युनिष्ट पार्टीले पनि आफ्नो एउटा दलबाट वोर्ड डिसिजन गरिसकेको अवस्था छ । म नेपाल कम्युनिष्ट पार्टीकासवै दलका माननीय सदस्यज्यूहरुलाई हार्दिक आभार र धन्यवाद पनि व्यक्त गर्न चाहन्छु र यो समितिले जुन प्रतिवेदन बुझाएको छ त्यो प्रतिवेदनको आधारबाट हामीले कुरा गर्नु पर्दा खेरी यो ४५ चानचुन ४५.४० प्रतिशत जनताहरुले यो प्रदेशको नाम गण्डकी हुनुपर्छ भनेर दिनुभाको छ र यो लोकतन्त्रमा बहुमतको कदर हुने परिपार्टीले पनि हुन्छ र त्यस्तै गरेर यो तमुवान मगरातको ३४१२ प्रतिशत जनताहरुले त्यो अरु मत दिएको अवस्था छ र यो हामी यो ४ नं.प्रदेशमा धेरै १२५ थरिको हामी जातजातिहरु बसोबास गर्छौं । यहां विभिन्न किसिमको धर्म, संस्कृति, भाषाभाषिहरु छन । यी सवैहरुलाई अपनत्व त्यो फिल हुनेखालको नाम भनेको गण्डकी हो । यो गण्डकी नाम सुन्दर नाम पनि छ । अव यसलाई सवै जातजाति भाषाभाषिलाई सर्वस्वीकार्य हुने

सवैलाई अपनत्व ग्रहण हुने खालको नाम गण्डकी हो । त्यसकारण अव हामी यो गण्डकी यो प्रदेशको नाम गण्डकी राखेर हामी जानुपर्छ । ६ नं. प्रदेशमा पनि कर्णाली प्रदेश भनेर आईसकेको अवस्था छ र त्यां पनि भूगोलकै हिसावबाट नामाकरण भएको अवस्था छर अव हामीले यो चाहीं ४ नं. प्रदेशको नाम पनि गण्डकी राखेर जान असाध्यै उपयुक्त हुन्छ र यो सवै जातजाति, धर्म, संस्कृति जति पनि यो प्रदेशमा बसोबास गर्ने जतिपनि जातजाति हुनुहुन्छ वहा.हरु सवैलाई एउटा अपनत्व ग्रहण हुने किसिमको यो नाम रहेको छ र यो असाध्यै सुन्दर पनि छ र यसले विशेष गरेर हामी धेरै थरिको जातजातिहरु , भाषाभाषिहरु यहां वस्ने भएको हुंद्याखेरी यो जातिय सदभाव यसले अझ धेरै मजबुत बनाउंछ भन्ने मलाई लाग्छ । यो धेरै थरी जातजातिहरु बसोबास गर्ने ठाउं भएको हुंदाखेरी यो प्रदेश भएको हुंदाखेरी सवै जातजातिहरुको जातिय सदभावलाई नखल्वल्याउने खालको नाम भनेको नै गण्डकी प्रदेश हो र यसलाई अव यो नेपाल कम्युनिष्ट पार्टीले पनि यो नामलाई वहांहरुले आधिकारिक रुपमा अगाडी सारिसकेको अवस्था छ र माननीय आर्थिक मामिला मन्त्रीज्यूले पनि यो विषयमा प्रकाश पारिसक्नुभाको छ ।

नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी त्यस्तै गरेर राष्ट्रिय जनमोर्चा सवै पार्टीबाट यो गण्डकी प्रदेश नै उपयुक्त छ भनेर आईसकेको अवस्थामा अव हामीले छिटैनै एउटा सर्वसम्मत हिसावबाट यसलाई टुङ्गयाउनु पर्छ र यो नेपालको संविधानको २९५ को २ ले यो उपस्थित प्रदेश सभालाई नै यो जिम्मेवारी दिएको छ । दुई तिहाई सदस्यहरुले चाहीं यसलाई बहुमतबाट पाित गर्न सक्ने दुई तिहाई सदस्यहरुले पारित गर्न सक्ने भन्ने संवैधानिक प्रावधान पनि भएको हुदाखेरी त्यही अनुसारनै जान उपयुक्त हुने देखिन्छ र मेरो आफ्नो पार्टीको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट पनि यो गण्डकी प्रदेश राख्दाखेरी यो सारै उपयुक्त हुन्छ यो सान्दर्भिक पनि छ । यसले जातिय सदभावलाई अझ धेरै मजबुत बनाउंछ भन्ने मलाई लाग्छ र अन्तमा अव हामी यो ४ नं. प्रदेशलाई एउटा उत्कृष्ट प्रदेश अव्वल प्रदेशको रुपमा प्रतिस्थापित गर्नको लागी अव हामी सवै मिलेर यो प्रदेशलाई समुन्नत प्रदेश समृद्ध प्रदेश बनाउने यो अभियानमा हामी लाग्नुपर्छ र यो प्रदेशलाई एउटा रोजगारी धेरैभन्दा धेरै रोजगारीहरु सिर्जना गरेर यो प्रदेशलाई एउटा उत्कृष्ट प्रदेश बनाउनको लागी तपाई हामी सवै मिलेर अगाडी बढनुपर्छ भन्ने आफ्नो भनाई राख्दै यो गण्डकी प्रदेश यो ४ नं. प्रदेशको नाम गण्डकी हुनुपर्छ र गण्डकी प्रदेश साह्रै उपयुक्त हुन्छ भन्ने आफ्नो भनाई राख्दै म विदा हुन चाहन्छु । धन्यवाद, जयनेपाल ।

## माननीय सभामुख

माननीय श्री चन्द्र मोहन गौचनलाई छलफलमा भागलिन समय दिन्छु ।

## माननीय चन्द्र मोहन गौचन

माननीय सभामुख महोदय, आज म यस प्रदेश नं. ४ को यस गरिमामय स्वर्णिम क्षणमा आफ्ना धारणाहरु राख्न पाउंदा अत्यन्त हर्षित छु । सभामुख महोदय, मौका आउंछ पर्खिंदैन वगेको खोला फर्किदैन भन्ने उक्तिले आज म गम्भिर पनि छु । हाम्रो प्रदेश सुनौला विगत, बर्तमान र भविष्य बोकेको प्रदेश हो । आज स्मरण गर्न चाहन्छु । यस प्रदेशको भौगोलिक धरातल र ऐतिहासिक सम्पदाहरु, धार्मिक स्थलहरु, सांस्कृतिक सम्पदा र धरोहरहरु र प्राकृतिक सम्पदा र छटाहरु पर्यटकिय गन्तव्यहरु र सामाजिक र साहित्यिक क्षेत्र जुनसकैका पनि एउटा एउटा किताव तयार हुन सक्छ । प्रदेश नं.४ भित्रकै । सभामुख महोदय, यसै प्रदेश भित्रको चेपे नदीमा एउटी महान आमाको दुधको धारा वगाएको ईतिहास एवं न्याय नपाए गोर्खा जानु भन्ने भनाईका मर्म आज म बुझिरहेको छु । वेद व्यास देखि राष्ट्रकवि माधव घिमिरे, भुपि शेरचन, अलिमियांदेखि धर्मराज थापा र दशैं, तिहार, ल्होसार, तोरन्ल्हो लगायतका सवै जातजाति, भाषाभाषि, धर्म, संस्कृतिका श्रावणदेखि फाल्गुण सम्मका सवै संस्कृति यो सांस्कृतिक पर्वहरुको मुल्य र मान्यता प्रतिको हाम्रो सहिष्णुता र सम्मान अझ प्रगाढ बनाउनु पर्दछ भन्ने मेरो मान्यता र विचार हो । सभामुख महोदय, म यसै प्रदेश भित्रका हाम्रा राष्ट्रिय विभूतिलाई समेत सम्झिन चाहन्छु । रामशाह, पृथ्वीनारायण शाह, भिमसेन थापा, अमरसिंह थापा, वलभद्र कुंवर गर्व लाग्छ मलाई पश्चिम किल्ला कांगडा पूर्वमा टिष्टा पुगेथ्यौं कुन शक्तिको सामु कहिले हामी झुकथ्यौं त्यस्ता महान व्यक्तित्वहरु जन्माउने यस भूमिप्रति यसको साझा मर्म भावनाई उच्च सम्मान व्यक्त गर्न चाहन्छु । यसै प्रदेश भित्रका राष्ट्रिय र अन्राष्ट्रिय स्तरमा ख्यातिप्राप्त मुक्तिनाथ देखि देवघाट सम्मको असंखय धामहरु, मठमन्दिरहरु, गुम्वाहरु, मस्जिदहरु सवैको आफ्नो विराशतलाई जीवन्त राख्न हाम्रो साझा दायित्व पनि हो ।

सभामुख महोदय, म कुनै आवेग र सम्वेगमा नआई भन्न चाहन्छु हाम्रो प्रदेश सवैजातजाति, भाषाभाषि, धर्म संस्कृति भेषमुषाको फूलवारी हो यसको संरक्षण संवर्द्धन मात्रै खांचो छ । हामीलाई सखी र खुसी र सुखी बनाउन चारैतिरबाट काखी च्यापेर अविरल वहने सप्त गण्डकीका सारथीहरु असंख्य हिमश्रृङ्खाहरु जसमानै हाम्रो भाग्य र भविष्य जोडिएको छ । यिनीहरुको महत्व जुन हिसावले हेर्दा पनि सुन्दर देखिन्छ । यिनिीहरको वास्तविक हाम्रा प्रेदशका जनताका मन पनि हुन र हाम्रा साझा धन पनि हुन । सभामुख महोदय, मैले माथि उल्लेख गरेका सवै विषयस्तुहरु र क्षेत्रहरु हाम्रा साझा पहिचान एवं धरोहरहरु हुन यिनको ईज्जत र सम्मान नै हाम्रो प्रदेश प्रतिको साझा सम्मान पनि हो । अन्तमा सभामुख महोदय जनताको मत सर्वेक्षण र

मन सर्वेक्षण मतादेश एवं जनादेश हाम्रा लागी संधै वाध्यकारी हुन्छन । यसलाई तोडमोड वा नजर अन्दाज गर्न खोजियो भने हामी सही गन्तव्यमा पुग्न सक्देनौं यही मर्म र भावनाको साथ अगाडी बढनु नै आजका दिनमा हाम्रा लागी उत्तम हुनेछ भन्ने विभार राख्दै मेरो आफ्नो छोटो मन्तव्य यही अन्त गर्दछु । धन्यवाद नमस्कार ।

## माननीय सभामुख

माननीय श्री दोवाटे विश्वकर्मालाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय श्री दोवाटे विश्वकर्मा

सभामुख महोदय, आज हामीहरु साह्रै महत्वपुर्ण घडिमा यस सभामा प्रदेश नं.४ को नामाकरणको सन्दर्भमा छलफलमा उपस्थित भईरहेका छौं । निश्चय पनि आजको दिन ज्यादै खुसी र महत्वको दिन हो भन्ने मैले ठानेको छु । किनभने हाम्ले जसरी प्रदेशको राजधानीको सन्दर्भमा हामी अस्तिमात्र छलफल गरेर एकमतबाट टुङ्गयाउन सफल भएका थियौं । आज मलाई त्यहि अनुभूति भाको छ। निश्चय पनि हामी सवै राजनीतिक दलहरुले यस प्रदेशको नाम गण्डकी प्रदेश राखने कुरामा सवैको एकमत भाको अनुभूतिभाको छ । त्यसलेनि मलाई ज्यादै खुसी तुल्याएको छ । विशेष गरेर आज यस प्रदेशको नामाकरण गर्ने सन्दर्भमा हाम्रो यस प्रदेश भित्र वस्ने विभिन्न जात वर्ग समुदायका महानुभावहरुले आफ्ना विचारहरु ज्ञापन पत्र बुझाउने र आफ्ना सुझावहरु यहां राख्नुभाको छ । त्यसको लागी हाम्ले स्वभाविक र वहांहरुलाई हामीले धन्यवाद पनि दिन चाहन्छौं । किनभने वहांहरुले आफ्ना विचारहरु राख्नु स्वभाविक कुरा पनि हो भन्ने मैले ठानेको छु । विशेष गरेर आज हाम्रो यो ४ नं.प्रदेश त्यसमाथि हाम्रो सवै नेपाल र साझा फूलवारी र फूलवारीको वगैंचा जस्तो छ र सवैखाले फूलहरु फूलेको जस्ते हाम्रो ४ नं. प्रदेश पनि त्यस्तै छ । त्यसकारणले हामी सवै यो साझा फूलवारीलाई संगीचंगी भएर फूलेका फूलहरुलाई संरक्षण गर्नु हाम्रो कर्तव्य पनि हो । वास्तवमा हाम्ले हतारमा निर्णय र फुर्सतमा पछुताउनु पर्‍यो भने त्यसले हाम्लाई निश्चय पनि गलत निर्णय गरेको हुनेछ । त्यसकारणले गर्दा आज हामीले त्यो फूलवारीका फूलहरुलाई संरक्षण गर्ने सन्दर्भमा आज एउटा फूललाई पानी हाल्ने र अरु फूलका कोपिलाहरु निमोठन खाज्यौं भने त्यसले पनि हाम्लाई अन्याय गरेको ठान्ने छ । त्यस कारणले विशेष गरेर हाम्रो जुन पहिचानको कुराहरु थुप्रै उठेका छन । हाम्रो यस ४ नं. प्रदेशको पहिचान भनेको धेरै पूर्व माननीइ मन्त्रीजीहरुले पनि यहां कुरा राखी सक्नुभाको छ । विशेष गरेर हिमश्रृङखला नदीका हिमश्रृङखला किनार फेदीबाट जसरी हाम्रा सप्तगण्डकीहरु वगिराख्नुभाको छ । वहांहरुले हाम्लाई सवैलाई यो प्रदेशका नागरिकहरुलाई सम्मान गर्नुभाको छ । त्यसले हाम्रा यि सप्तगण्डकीहरुमा हाम्रा ४

धामदेखि धेरै मठ मन्दिरहरुले पनि हाम्लाई पहिचान दिएको छ। त्यसकारणले आज हामी सवै यस ४ नं.वासीको पहिचान भनेको यि सात सप्त गण्डकी नै हाम्रो मूख्य पहिचान हो भन्ने मलाई लाग्दछ । म धेरै कुराहरु राख्न चाहन्न आज हाम्रो माघे संक्रान्ति होस औंसीहोस विभिन्न चाडपर्व र हाम्रा धार्मिक कार्यहरु हाम्रा पवित्र कार्य हूदाखेरी पनि हामी त्या त्यहांको जलले सेचन गर्छौं भने हाम्रा सवै कार्यहरु सम्पन्न भएको हाम्लाई विश्वास लाग्छ । त्यसले गर्दाखेरी पनि हामी कुनै पनि वर्ग र समुदायको निम्ति त्यो भन्दा ठूलो पहिचान केही हुन सक्दैन भन्ने मलाई लाग्दछ । त्यसकारणले हाम्रो पार्टीको तर्फबाट पनि गण्डकी प्रदेश नै सिफारिश भै सकेको कारणले म पनि यो प्रदेशको नामाकरण गण्डकी नै राखनु उपयुक्त र गण्डकी नै राख्नपर्छ भन्ने म राख्न चाहन्छु र वास्तवमा हामीले यो गण्डकी प्रदेश राख्दाखेरीमा कसैको पनि हार नहुने सवैको जीत र सवैको हिन हुने भन्ने मलाई लाग्दछ त अर्को कुरा हाम्रो पार्टीका नेता स्वर्गीय स्वर्गीय नेताले भन्नभाको थियो जुनवेलामा यो देशमा जातिय पहिचानका आधारमा राज्यहरु विभाजन हुनुपर्छ भन्ने जुनवेला कुरा उठेको थियो त्यो वेलामा उहांले भन्नुभाको थियो द्वन्द मेटिनी पहिचान भेटिनी खालको राज्यहरु हुन्छ भनेर वहांले त्यतिखेर भन्नु भएको गियो । हाम्रो नेता - मलाई त कस्तो नामै आएन) भिम बहादुर तामाङ्गजीले त्यही कुरालाई म स्मरण गर्दै र मुख्य कुरा हाम्रो यो प्रदेशको नाम गण्डकी प्रदेश राख्दा उपयुक्त हुन्छ र यो सवैको जीत सवैको हित र द्वन्द मेटिनी पहिचान भेटिनी यो प्रदेश हुन्छ त्यसै कारणले गर्दा यो प्रदेशको नाम गण्डकी प्रदेश राख्नको लागी मेरो आफ्नो समर्थ रहेको कुरा निवेदन गर्दछु । धन्यवाद, जय नेपाल ।

## माननीय सभामुख

माननीय श्री राजीव पहारीलाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय राजीव पहारी

माननीय सभामुख महोदय, यसै सम्मानित प्रदेश सभाबाट सरकारको नीति तथा कार्यक्रम वजेट मात्र पारित गरेका छैनौं । प्रदेशको राजधानी पोखरा बनाउने सर्वसम्मत निर्णय गरेर देशव्यापी नयां सन्देश दिने काम गरिसकेका छौं । अव ४ नं. प्रदेशका प्रतिनिधिहरुको साझा संस्था यो प्रदेश सभावाट हामीले ४ नं. प्रदेशको नामको न्वारान गर्दै छौं र त्यही नामाकरणको विषयमा गम्भिरतापूर्वक छलफलमा जुटिरहेका छौं र म पनि केही धारणाहरु राख्नको निम्ति यो रोष्टमा उभिरहेको छु । माननीय सभामुख महोदय नेपाल एक बहुजातिय, बहुभाषिक, बहु सांस्कृतिक, बहुधार्मिक विविधतायुक्त

देश हो । यसलाई संविधानले स्वीकारेको विषय हो । प्रदेशको नाम जे राख्दा पनि उपयुक्त हुन्थ्यो किनकी नाम त्यो ठाउंको राज्यको भूगोलको पहिचानको लागी हो । अहिले लामो समयदेखि छलफल चर्चामा आएका नाम गण्डकी तमुवान, मगरात, गोर्खा, धौलागिरी नाम किन नहोस त्यी तिनीहरुले सवैको आफ्नै खालको महत्व छ । यी सवै नामहरु प्रति नेपाल कम्युनिष्ट पार्टीको तर्फबाट मेरो तर्फबाट उच्च सम्मान राख्न चाहन्छु । उच्च सम्मान व्यक्त गर्न चाहन्छु । एउटा कुनै नाम राख्ने वित्तिकै कुनै जाति र समुदायको विजय हुने र अर्को जाति र समुदायको पराजयको विषय हुने रुपमा कसैले बुझ्छ भने त्यो अल्प ज्ञान बाहेक केही होइन । गण्डकी प्रदेश राख्ने वित्तिकै पहाडै खस्ने स्थिति छैन । अव सिधै विषय वस्तुमा जाउं । गण्डकी भन्ने शव्दले त यो प्रदेशमा वसोबास गर्ने सवै जातजाति भाषाभाषी, धर्म समुदायको प्रतिनिधित्व र सम्मान गर्ने गरी जुराएको नाम हो । त्यसैले सवैले यो नाममा अपनत्व ग्रहण गरी प्रदेश सरकारको ५ वर्ष भित्र यो प्रदेशलाई देशकै समृद्ध प्रदेश बनाउने जुन अर्जुन दृष्टि छ त्यसलाई पूरा गर्न हामी सवै अव विकास र समृद्धिमा केन्द्रित हुन आवश्यक छ ।

सभामुख महोदय, नबुझी बोल्नु र सुन्नियर मोटाउनुको कुनै अर्थ छैन । केही एकजना विद्धान मित्रले बौद्धिक विलासिताका नाममा बोलेको केही कुराहरु प्रति मैले केही टिप्पणी गर्नु छैन । केही भ्रमपूर्ण कुराहरु पनि सुन्नमा आएका छन । यो शव्दले आदिवासी जनजाति समुदायको मात्रै ईतिहास र थाउथलोको थाकथलोको सम्मान गर्न सकेन भन्ने कुराहरु पनि आईरहेको छ । तर सच्चाई यो होइन् गण्डकी शव्दले गुरुङ्ग र मगरको पहिचान बोकेको शव्द पनि हो । मगर भाषामा हरियो सागलाई गान र पानीलाई डि भनिन्छ । हरियो पानी वग्ने भएकोले यसलाई गानडी भनियो पछि अपभ्रंश भै गण्डकी भएको हो । गुरुङ्गहरुको पुरानो शास्त्र पेमा पनि नदीको प्रशंसा छ अहिले पनि हामी सप्त गण्डकी भन्छौं गुरुङ्ग शास्वमा पनि सात नदीको प्रशंग छ । यससंग गुरुङ्ग समुदायको पनि सम्वन्ध जोडिएको छ । गण्डकी लामो समय देखि सम्बोधन गरिने शव्द हो । यसको आफ्नै महत्व छ । गुरुङ्गहरुले आफूहरुलाई धेरै अगाडीबाट गण्डकी क्षेत्रको वासिन्दा भएको र आफ्नो थाकथलो गण्डकी भएको उल्लेख गर्दै आएका छन । मगर जातिले पनि आफ्नै हिसावले व्याख्या र विष्लेषण गरेकोले गण्डकी नामाकारणले गुरुङ्ग र मगर समुदायको भावनालाई अझ पनि प्रतिनिधित्व गरेको छ की भन्ने मलाई लागेको छ । सभामुख महोदय, नेपाल नेपालीकला र संस्कृतिको हिसावले अत्यन्त सम्पन्न देश हो । मुलुकका सवै भाषाहरु राष्ट्रिय भाषा हो भन्ने कुरा संविधानले निर्दिष्ट गरेको विषय हो । हाम्रो ४ नं. प्रदेशमा आदीवासि जनजाति गुरुङ्ग, मगर लगायतका अन्य समुदायले बोलिने भाषा, धर्म,

संस्कृति, परम्परा, रीतिरिवाजलाई संरक्षण गर्ने , प्रवद्धन गर्ने, विकास गर्ने र प्रदेश नं. ४ को जनसंखया र अनुकूलता विष्लेषण गर्ने गरी उचित योजनामा सवैको अपनत्व हुने गरी छलफल र निर्णय गरी प्रभावकारी कार्यान्वयन र तिनीहरुको स्थायित्व प्रदान गर्नको निम्ति यो वेला म प्रदेश सरकार समक्ष पनि म जोडदार माग गर्दछु । यस प्रदेशमा बोलिने भाषा, संस्कृति परम्परा रीतिरिवाजको संरक्षणले मुलुकको राष्ट्रियता र प्रदेशको स्थायित्वलाई झन बलियो बनाउंछ । कमजोर बनाउंदैन । कमजोर बनाउंछ भनेर कसैले स्याल हुइया गर्छ भने त्यो खाली फगत सामन्ती एकात्मक सोचाई बाहेक केही होइन विगतमा सडकमा देखिएका आन्दोलन गर्ने, विरोध गर्ने, माग राख्ने कुरालाई सार्वभौम जनताको संवैधानिका अधिकारको रुपमा लिनुपर्छ । तर ती कार्यक्रमहरु गर्दा सामाजिक सदभाव सहिष्णुता विग्रन नहुने कुरामा सवैले ख्याल गर्नुपर्छ र कुनै जाति समुदायको लक्षित हुनेगरी अभिव्यक्ति दिने साम्प्रदायिकता लाई बढावा दिने गरी आलोचना गर्ने, भ्रम फैलाउने काम जोसुकैबाट भएपनि त्यो अनुचित र चिन्ताको विषयले यसमा हमी सवै सजग हुनैपर्छ ।

सभामुख महोदय, जसले विरोध गर्न वाहेक केही जान्दैन उसलाई गुलियो रसवरी खान दियो भने पनि योत नुन्किलो छ भनेर भन्छ त्यो नुनिलो छ भन्नुमा मैले उसलाई उसको कुनै दोष देख्दिन किनकी उसको नियतनै विरोध गर्नुछ । आलोचना गर्नु छ । नेकपाले निर्णय गर्दा धेरै कुरा सोच विचार गरेर र नै निर्णय गर्नुपर्छ किनकी घरमा घरमुली र अन्य परिवारका सदस्यहरुको भूमिका फरक हुन्छ । जव घर मुलीले बोल्दिइसकेपछि निर्णय गर्दिई सकेपछि लागु भै हाल्छ । कार्यान्वयन भैहाल्छ । यहां पनि यो प्रदेशमा पनि नेकपाले नेपाल कम्युनिष्ट पार्टीले अत्यन्त सोचविचार गरेर जिम्मेवारी र गम्भिरताका साथ मुख खोल्यो मुल खोलिसकेपछि यो अव प्रदेशको नामै गण्डकी प्रदेश रहन्छ । तसर्थ अव यो जिम्मेवारी भै सकेपछि खान पायो भनेर क्वाप्प मुखमा हाल्ने र बोल्न पायो भनेर प्वाक्क बोल्ने गर्नु पनि हुंदोरहेनछ । अलि जिम्मेवार बोध हुनुपर्ने स्थिति रैछ । समाजमा रहेका वर्गिय विभेद जातिय सामाजिक लैङ्गिक, क्षेत्रीय विभेद असमानताको विरोधमा लडदै आएको पार्टी हो नेपाल कम्युनिष्ट पार्टी एकजना विद्धान मित्रले यो गण्डकी प्रदेशले आफ्नै घांटी रेटन खोजको होकी भनेर धेरै गुनासो गर्नु भयो, असन्तुष्टि पोख्नुभो, ठुलो चोट लागेको कुरो गर्नु भयो म वहांलाई भक्तराज आचार्यको गीत गुनगुनाउंदै भएपनि सर्वसम्मत ढंगबाट यो गण्डकी प्रदेशमा समर्थन गरिदिनु हुन अनुरोध गर्दछु । भक्तराज आचार्यको एउटा गीत छ कति चोट दिन्छौ देउ मुटुभित्रै सांचेर राख्ने छु, जति आंशु दिन्छौ देउ दुई आंखाबाट झार्ने छु तर कुनै अराजक गतिविधि गर्ने छैंन । समृद्ध गण्डकी प्रदेश बनाउन तपाईंहरको संगसंगै साथसाथै लाग्ने छु भन्दै यसलाई सर्वसम्मत ढंगबाट गण्डकी प्रदेश बनाउनको निम्ति

म सवैको सहयोग रहनेनै छ । भन्ने अनुरोध गर्दै विश्वास गर्दै मेरो पूर्ण समर्थन जाहेर गर्दै नेपाल कम्युनिष्ट पार्टीको एक जना सदस्यको हिसावले म समर्थन जाहेर गर्दै विदा हुन्छु धन्यवाद। नमस्कार ।

## मननीय सभामुख

माननीय श्री प्रभा कोइरालालाई छलफलमा भागलिन समय दिन्छु ।

## माननीय प्रभा कोइराला

माननीय सभामुख महोदय, आज हामी यतिवेला ऐतिहासिक मोडमा उभिईरहेका छौं । हामीले अलि अस्ति भर्खर मात्रै ऐतिहासिक निर्णय गर्‍यौं । एउटा प्रदेशको राजधानी पोखरा बनाएर । अव हामी प्रदेशको नामाङ्कन तर्फ गईरहेका छौं । यस सिलसिलामा एकात्मक बाट संघियतामा आईसकेको यो सुन्दर प्रदेशको नामाकरण गर्ने ऐतिहासिक जिम्मेवारी बोध गर्दै छौं । प्रदेश सरकारले बनाएको समितिले ४ वटा नाम ल्याएको हामीले ४ वटै नामसंग छलफल गर्‍यौं । गहकिलो ढंगले त्यी नामहरुको बारेमा छलफल गर्‍यौं । धेरै छलफल गरिसकेपछि सवै नामहरुलाई हामीले नामाकरण गर्न नसक्ने जायजै थियो स्थिति । त्यसमध्येबाट हामीले एउटा नाम रोज्नै पर्ने हाम्रो वाध्यता थियो र हामीले प्रदेशको नाम रोज्यौ । नेपाल कम्युनिष्ट पार्टीको तर्फबाट त्यही सन्दर्भमा पहिचानको पक्षधर प्रदेशवासी सवै आदरणीय जनताहरु हुनुहुन्छ । सवै जनताको विचारको सम्मान गर्दै कदर गर्दै यो एउटा ऐतिहासिक प्रदेश बनाउनको लागि जो जो जहांबाट लाग्नु भएको छ उच्च सम्मान व्यक्त गर्न चाहन्छु । यतिवेला हामीलाई यो मोडमा उभ्याउने आदरणीय वीर सहिद प्रति हार्दिक श्रदासुमन व्यक्त गर्न चाहन्छु । मलाई लाग्छ परापूर्व कालदेखिबाट हाईकास्टहरुको दवाव प्रभुत्व हिन्दुजनहरुको प्रभुत्व र पुरुषहरुको प्रभुत्व भएको ठाउं सवै जातजातिले अपनत्व खोजिरहनु मलाई लाग्छ आकाशै खसेको जस्तो हुंदैन । त्यसकारणले नेतृत्व वर्गले अधिकारका माग राख्दै गर्ने सवालमा सवैका अधिकारहरुलाई एकैचोटी सम्वोधन गर्न नसके पनि पृथक पृथक ढंगले कुन कुन ठाउंमा कसरी सम्बोधन गर्न सकिन्छ त्यो विषय खोजीको विषय बनाउन पर्छ

सभामुख महोदय मार्फत प्रदेश सरकारलाई अनुरोध गर्न चाहन्छु यसै विषयमा रहेर यतिवेलाको परिवेशमा हामीले खोजी गर्दा नेपालको वेदबाट उत्पन्न भएको भाषाहरु हिन्दु, संस्कृत र मुस्लिम भाषामात्र लिपिवद्ध भएको हामीले पाएको मेरो आफ्नो अनुभवमा महसूस गरेको महोदय समक्ष राख्न चाहन्छु र हामीसंग सयभन्दा पनि धेरै थरी जातजातिहरु छन । यी सवै जातजातिहरुका भाषा लिपिबद्ध छैनन ।

मलाई लाग्छ सकेसम्म सवै जातजातिहरुले आफ्ना भाषाहरुलाई लिपिबद्ध बनाएर संस्कृतिहरुको पहिचान गरेर विकास गर्न जरुरी छ । आजको सन्दर्भमा किनी मलाई यी सवै भाषा सिक्न मन लाग्ये भने पुस्तकहरुनै पाईंदैन । यसको कारण हामीहरुले अल्मलिन हुंदैन । प्रदेश विकासको लागाी र प्रदेशको जनताहरुलाई सुखानुभुति अनुभव गर्नका लागी देश र प्रदेशको समृद्धिको लागी देशवासीको विकास सुखको लागी एकमन एकताको ९एकता गरौं । कोरलादेखि ढोरपाटन, सुस्ता त्रिवेणीसम्म अविरल अविरल रुपमा वग्ने गण्डकी नदी छन यी नदीसंग आफैसंग विशेषता छुट्टाछुट्टै प्रकारका छनु । विश्वमै खोज्दा दुर्लभ शालिग्राम जन्माउने गण्डकी यति पवित्र नदीको नाम अरु कुनै प्रदेशमा जुर्छ जस्तो मलाई लाग्दैन । हिम श्रृंखलादेखिबाट प्रदेशभरी छाउने पवित्र गण्डकी नै यस प्रदेशको नामाकरण गरियोस भन्ने मलाई लाग्छ ।

सभामुख महोदय, गण्डकी भित्रै पहिचान लुकेको छ । यसैभित्र रहेर अपनत्वको खोजी गरौं । धर्म संस्कृति, भाषा, भूगोलको प्रतिनिधित्व गर्ने नभै नामै गण्डकी हुने भएकोले एकमन एकताका साथ समर्थनमा जाउं भन्ने अनुरोध गर्न चाहन्छु र गण्डकी नाम बनाएर अगाडी बढदा हिमाल पहाड तराईको संगमस्थलको रुपमा पनि गण्डकीलाई लिन सकिन्छ भन्ने कुरा राख्न चाहन्छु र यो ऐतिहासिक मोडमा हामी भैरहेको यो सन्दर्भमा हामीले अव यो प्रदेशलाई उज्यालो प्रदेशह बनाउने हाम्रो उद्देश्य छ । उज्यालो प्रदेश बनाउने सन्दर्भमा अव सानातिना विषयहरुलाई अलमलका विषय नबनाईकन हामीले यस प्रदेशलाई सुन्दर र नेपाली जनतालाई सुखी बनाउने योजनामा हामी छौं । यी सवै योजना पूरा गर्न सकिन्छ भन्ने महसुस गरेको छु र मेरो पार्टीको तर्फबाट र मेरो आफ्नो व्यक्तिगत तर्फबाट सम्पूर्ण जातजाति भाषाभाषिहरुको कदर सम्मान गर्दै यो प्रदेशको नाम गण्डकी राख्न उचित हुन्छ भन्ने मेरो आफ्नो भावना व्यक्त गर्दै विदा हुन्छु । धन्यवाद ।

## माननीय सभामुख

माननीय सदस्यहरु यो छलफल आजको लागी यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरु अव यो वैठक २०७५ साल असार २२ गते दिनको ११.०० वजे सम्मको लागी स्थगित हुन्छ ।**